मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

वर्ष ४ • अंक २२१ • २०८३ साल असार १५ गते सोमबार • Monday 29, June 2026 • सूर्योदयः बिहान ०५:१४ बजे • सूर्यास्तः साँझ ०७:०३ बजे • पृष्ठ ८ • मूल्य रु. ५/-

## बागमतीमा डुबेर २ बालकको मृत्यु

**राकेश यादव**
**रौतहट।**
गढीमाई नगरपालिका–१ स्थित बागमती नदीमा डुबेर आइतबार २ जना बालकको मृत्यु भएको छ । बागमती नदीको समनपुर हरैया घाटमा नुहाउने क्रममा गढीमाई–१ का ८ वर्षीय अनिकेश यादव र आदित्य यादवको मृत्यु भएको हो।

अनिकेशको पानीमा डुबेर मृत्यु भएको र आदित्य डुबेर बेपत्ता भएको खबर पाएपछि खोजतलाश गर्दा घटनास्थलदेखि ५० मिटर दक्षिण खोलामै उनको पनि शव भेटिएको हो।

### गृहमन्त्रीको गोप्य सीमा भ्रमणः

# तस्करी–भ्रष्टाचारको सञ्जालमा हलचल !

## प्रहरी–प्रशासनको मिलेमतोबारे छानबिनको संकेत



**हरिशंकर शर्मा**
**वीरगंज।**
गृहमन्त्री सुधन गुरुङको सीमा क्षेत्रमा गोप्य भ्रमणसँगै मधेश क्षेत्रका बेथितिका अड्डामा भुइँचालो गएको छ । सुटुक्क बारा, पर्साको सीमा क्षेत्र पुगेका गृहमन्त्री गुरुङले यस क्षेत्रका सरकारी कार्यालयहरूको सेवा प्रवाहा, भन्सार नाका एवम् त्यहाँ कार्यरत कर्मचारी साथै अधिकारीहरूको रबैया एवम् तस्करीको अवस्थाबारे सम्बन्धित र सरोकारवला क्षेत्रका व्यक्तिहरूसँग सोधपुछ गरेका थिए । रासायनिक मल अभाव एवम् काला बजारीबारे उनले सर्वसाधरण किसानसँग छद्म भेषमा नै कुराकानी गरेका थिए । वीरगंजका होटल क्यासिनो र डोजर चलेका सडकको अवस्था एवम् खाद्य स्वच्छताका बारेमा गृहमन्त्री गुरुङले फिल्डमा पुगेर यथार्थ बुझेका निकट स्रोतले बताएको छ । सुरक्षाकर्मी र सर्वसाधरणबीचको सम्बन्धबारे बढी चासो दिएका गुरुङले सुरक्षा एवम् प्रशासन अधिकारीहरूको कार्यशैली र जनधारणाबारे प्रष्ट हुन खोजेका थिए।

गृहमन्त्री गुरुङको बारा–पर्सा सीमावर्ती क्षेत्रमा भएको गोप्य स्थलगत भ्रमणपछि मधेशका सीमाक्षेत्रमा वर्षौंदेखि मौलाउँदै आएको तस्करी, कमिशनखोरी र प्रशासनीक बेथितिमाथि केन्द्र सरकारले कडा निगरानी थालेको संकेत देखिएको छ । गृहमन्त्रीको भ्रमण सार्वजनिक भएसँगै वीरगंजसहित सीमावर्ती क्षेत्रमा सक्रिय तस्करी समूह, उनीहरूलाई संरक्षण दिएको आरोप खेप्दै आएका केही सुरक्षा तथा प्रशासनिक संयन्त्रभित्र नै असामान्य हलचल सुरु भएको स्रोतहरूको दाबी छ।

उच्च सरकारी स्रोतका अनुसार गृहमन्त्री गुरुङ सीमित अधिकारीको टोलीसहित कुनै औपचारिक कार्यक्रमबिना शुक्रबार रातिदेखि शनिबारसम्म चितवनको माडी, ठोरी हुँदै पर्सा र बाराका विभिन्न सीमा क्षेत्र पुगेका थिए । उनले सरकारी कार्यालय, भन्सार नाका, ग्रामीण क्षेत्र, बजार, होटल, क्यासिनो, सडक निर्माणस्थल तथा कृषि क्षेत्रको प्रत्यक्ष अवलोकन गरेका थिए । भ्रमणका क्रममा गृहमन्त्रीले कुनै औपचारिक परिचय नदिई सर्वसाधारणकै

बाँकी पृष्ठ २ मा

# भोलि र पर्सि मधेशमा पनि मुसलधारे वर्षाको सम्भावना



**जनकपुरधाम।**
मुलुकमा मनसुन क्रमशः सक्रिय हुँदै गएको जनाउँदै जल तथा मौसम पूर्वानुमान महाशाखाले असार १६ र १७ गते देशका अधिकांश भागमा मुसलधारे वर्षा हुने बताएको छ।

महाशाखाले आइतबार साँझ विशेष मौसम बुलेटिन जारी गर्दै मधेश, कोशी, बागमती, गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका पहाडी तथा तराई क्षेत्रका केही स्थानमा मेघगर्जन र चट्याङसहित भारी वर्षा तथा एकदुई स्थानमा धेरै भारी वर्षा हुने सम्भावना रहेको जनाएको छ।

देशका पहाडी तथा तराई क्षेत्रका धेरै र हिमाली क्षेत्रका केही स्थानमा मध्यम वर्षाको सम्भावना रहेको जनाइएको छ।

महाशाखाका अनुसार बङ्गालको खाडीमा विकसित न्यून चापीय प्रणालीका कारण नेपालतर्फ जलवाष्पयुक्त हावाको प्रवाह क्रमशः बढ्ने भएकाले मनसुन देशका बाँकी क्षेत्रमा पनि फैलिने सम्भावना छ।

सम्भावित वर्षाका कारण भूक्षय, बाढी, पहिरो तथा गेग्र्यान बहावको जोखिम बढ्न सक्ने, सहरी तथा तराई क्षेत्रमा डुबान हुन सक्ने, ठूलासाना नदीखोलामा पानीको सतह बढ्न सक्ने भएकाले सतर्कता अपनाउन महाशाखाले अनुरोध गरेको छ।

महाशाखाले दैनिक जनजीवन, कृषि, स्वास्थ्य, पर्यटन, नदी आसपास निर्माण तथा सडक र हवाई यातायातसमेत प्रभावित हुन सक्ने भएकाले सर्वसाधारण तथा सम्बन्धित निकायलाई आवश्यक पूर्वतयारी गर्न आग्रह गरेको छ।

# जनसम्बन्ध सुदृढ गर्न आत्ममन्थन आवश्यक छः पूर्वराष्ट्रपति भण्डारी




**काठमाडौँ।**
पूर्वराष्ट्रपति विद्या भण्डारीले समयानुकूल नीति, कार्यशैली र सङ्गठनात्मक अभ्यास परिष्कृत गर्दै कम्युनिष्ट आन्दोलनलाई सुदृढ बनाएर लैजानुपर्ने बताएकी छन्।

जननेता मदन भण्डारीको ७५औँ जन्मजयन्तीका अवसरमा आयोजित 'नेपालको कम्युनिष्ट आन्दोलन र जननेता मदन भण्डारी' विषयक विचार गोष्ठी तथा 'मदन भण्डारी राष्ट्रिय पुरस्कार हस्तान्तरण समारोह' मा उनले कम्युनिष्ट आन्दोलन नयाँ अवसर र चुनौतीको सङ्घारमा उभिएको धारणा राखे।

कुनै एउटा निर्वाचनको परिणामका आधारमा जनताको बहुदलीय जनवादको सान्दर्भिकता वा कम्युनिष्ट आन्दोलनको भविष्यबारे हतारमा निष्कर्ष निकाल्नु उचित नभएको उनको भनाइ छ।

उनले जनसम्बन्धलाई सुदृढ गर्दै समीक्षा र आत्ममन्थन आवश्यक रहेको बताइन्।

'रूपान्तरण हुँदै गरेको सामाजिक संरचना, प्रविधिको तीव्र विकास, युवापुस्तामा नयाँ आकांक्षा तथा विश्वव्यापी परिवर्तनका सन्दर्भमा कम्युनिष्ट आन्दोलनले आफ्ना मूल आदर्श बनाउनुपर्छ,' पूर्वराष्ट्रपति भण्डारीले भनिन्, 'समय अनुकूल नीति, कार्यशैली र सङ्गठनात्मक अभ्यासलाई निरन्तर परिष्कृत गर्नुपर्ने आवश्यक छ।'

जनविश्वास पुनःआर्जन गर्ने आधार सिद्धान्तको यान्त्रिक पुनरावृत्ति मात्र नभई समयानुकूल उत्तरदायी र परिणाममुखी राजनीतिक अभ्यासको विकासमा नीहित हुनुपर्ने उनको कथन छ।

**कमजोरी गरेका छैनौँ**

नेपाल कम्युनिष्ट पार्टी (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले देश र जनताको हितविपरीत गएर आफूहरूले गल्ती कमजोरी नगरेको बताए । उनले जनतामा अनावश्यक भ्रम छरिएको टिप्पणी गरे।

अध्यक्ष ओली भने, 'हामीले गलत काम गरेर, देशकाविरुद्ध काम गरेर विकासका काम गर्न नसकेर, अयोग्य भएर जनतामा असन्तुष्टि, बढेको होइन।' आफ्नो पार्टीको नीति तथा कार्यक्रम र सही र समसामयिक भएको उल्लेख गर्दै उनले लोकतान्त्रिक र वामपन्थी शक्ति मिल्नुपर्ने आवश्यकता औँल्याए।

कार्यगत एकताका माध्यमबाट अगाडि बढ्नुपर्ने धारणा राख्दै उनले राजनीतिक, सामाजिक, आर्थिक, सामाजिक क्षेत्रमा एमालेले सही नीति निर्धारण गरेका दाबी गरे । अध्यक्ष ओलीले जनताको बहुदलीय जनवाद (जबज)लाई समयानुकूल बनाइँदै लैजाने धारणा राखे।

अध्यक्ष ओलीले भने, 'समृद्धिसम्म हाम्रो यात्रा हो। हाम्रो यात्रा समृद्ध नेपाल सुखी नेपालीसम्मको हो। हाम्रो गन्तव्य ठीक छन् ।' रचनात्मक र शान्तिपूर्ण बाटोबाट अग्रगामी परिवर्तनतर्फ अगाडि बढ्ने र धुलो टकटक्याउँदै उठ्ने उनको भनाइ थियो।

फाउन्डेशनले वर्ष २०८२ को 'मदन भण्डारी राष्ट्रिय पुरस्कार' लेखक रमेश रुछेन राईको कृति 'श्वेतशार्दूल' लाई प्रदान गरियो । पुरस्कारको राशि दुई लाख रुपैयाँ रहेको छ।

**एकता बलियो हुनुपर्छ**

नेपाली कम्युनिष्ट पार्टीका सहसंयोजक माधवकुमार नेपालले कम्युनिष्ट एकतालाई बलियो बनाउनुपर्नेमा जोड दिँदै युवापुस्ताको काँधमा ठूलो जिम्मेवारी आएको बताए। उनले देश र जनताको हितलाई केन्द्रमा राखेर कम्युनिष्ट शक्ति अगाडि बढ्नुपर्छ भने।

कम्युनिष्ट पार्टीहरूले आत्ममूल्याङ्कन गर्न ढिलो भएको धारणा व्यक्त गर्दै नेता नेपालले एकता नै बल हो भन्ने वास्तविकता बिर्सन नहुने बताए।

## एकताको विकल्प छैन

नेपाली कम्युनिष्ट पार्टीका नेता झलनाथ खनालले कम्युनिष्ट पार्टीहरुबीच एकताको विकल्प नभएको बताए। उनले एकताको प्रक्रिया प्रारम्भ गर्नुपर्नेमा जोड दिए । जननेता मदन भण्डारीको ७५ औँ जन्मजयन्तीको अवसरमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै लामो समयपछि दुई ठूला वामपन्थी दलका नेताहरू एउटै मञ्चमा भएको बताए।

उनले समय र परिस्थितिले हिर्काउन थालेको भन्दै एकताको विकल्प नभएको बताए। उनले आजकै दिनबाट वामपन्थी एकतालाई दीर्घकालीन रूपमा अगाडि बढाउन थाल्नुपर्ने बताए।

## कम्युनिष्ट शक्तिबीच सहकार्य जरुरी

नेपाली कम्युनिष्ट पार्टीका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'ले राष्ट्रिय स्वाधीनताको रक्षा र जनअधिकारको सम्वद्र्धनका लागि वामपन्थी शक्तिहरुबीच सहकार्य जरुरी भएको बताएका छन्। जननेता मदन भण्डारीको ७५औँ जन्मजयन्तीका अवसरमा 'नेपालको कम्युनिष्ट आन्दोलन र जननेता मदन भण्डारी' विषयमा आयोजित विचार गोष्ठी तथा 'मदन भण्डारी राष्ट्रिय पुरस्कार हस्तान्तरण समारोह' मा उनले परिवर्तित सन्दर्भमा कम्युनिष्ट शक्तिबीच सहकार्य आवश्यक भएको बताए। संवैधानिक अधिकार रक्षाका निम्ति सबै राजनीतिक वामशक्तिबीच साझेदारी अपरिहार्य भएको उनको भनाइ थियो । 'चाँडोभन्दा चाँडो समान विचार भएका दल एकताबद्ध हुन जरुरी छ,' उनले भने।

विगतका कमीकमजोरीको समीक्षा गर्न आफू तयार रहेको उल्लेख गर्दै संयोजक दाहालले राष्ट्रका सामु उत्पन्न चुनौतीको सबै नेता तथा कार्यकर्ताले मिलेर सामना गर्नुपर्ने बताए । लोकतान्त्रिक शक्तिसँग सहकार्य गर्न आफू तत्पर रहेको संयोजक दाहालले बताए । यस्तो सहकार्य शीघ्र हुनुपर्नेमा उनको जोड थियो।




# आर्थिक सङ्कटका कारण कोशीका ४४ एफएम रेडियो बन्द

**झापा।**
आर्थिक सङ्कटका कारण कोशी प्रदेशका ४४ वटा एफएम रेडियो स्टेशन बन्द भएका छन् । पत्रकार महासङ्घ कोशी प्रदेशले आयोजना गरेको मिडिया सम्मेलनमा प्रस्तुत कार्यक्रममा १२९ वटा रेडियोमध्ये ४४ वटा बन्द भएको जनाइएको छ।
नेपाल पत्रकार महासङ्घका पूर्वकेन्द्रीय सदस्य मोहन काजीले १६ वटा सामुदायिक रेडियोसहित ४४ वटा बन्द भएको बताए। उनले कार्यक्रममा आर्थिक अस्थिरता र बजार अभावका कारण रेडियोसहितका सञ्चारमाध्यम बन्द हुन थालेको सम्मेलनमा प्रस्तुत गरेको कार्यपत्रमा उल्लेख गरेका छन्।
उनले यहाँका सञ्चारमाध्यमलाई प्रोत्साहन गर्न कोशी प्रदेश सरकारले आदिवासी, जनजाति र लोपोन्मुख समुदायले मातृभाषामा सञ्चालन गरेका मिडियालाई विशेष सहयोगको नीति तथा कार्यक्रम र बजेटको व्यवस्था गर्न आवश्यक देखिएको बताए।
प्रदेशको पत्रकारिता क्षेत्रमा अभूतपूर्व अवसर र गम्भीर चुनौतीको दोबाटोमा उभिएको हुँदा पेसागत असुरक्षा र प्रविधिगत चुनौतीहरूलाई सही नीति र तत्परताका साथ सम्बोधन गर्न सकिए मात्र मोफसलको पत्रकारिता अझ सशक्त र आत्मनिर्भर बन्नसक्ने उनको भनाइ छ । विश्वसनीयता र स्वतन्त्रतालाई कायम राख्दै आधुनिक डिजिटल प्रविधिसँग अनुकूलन हुनसके कोशी प्रदेशको पत्रकारिता क्षेत्र मुलुककै लागि एक अनुकरणीय र उदाहरणीय नमुना बन्नसक्ने उनले बताए।
कोशी प्रदेशमा नियमित प्रकाशित पत्रपत्रिका ९६ वटा रहेका छन् । जसमा दैनिक १७ वटा, साप्ताहिक ७३ वटा, मासिक चार वटा, द्वैमासिक एक र त्रैमासिक एक रहेका छन्।
इलेक्ट्रोनिक मिडियाअन्तर्गत टेलिभिजन सात वटा, एफएम रेडियो कूल दर्ता भएका १२९ वटामध्ये ८५ वटा सञ्चालनमा रहेको काजीले प्रस्तुत गरेको प्रतिवेदनमा उल्लेख छ। स्थानीय तहमा दर्ता रहेको एउटै मात्र एफएम रेडियो आठराई हो । प्रदेशमा अनलाइन सञ्चारमाध्यम ३९७ वटा रहेका छन्। रासस

## कर्पोरेट डेभलपमेन्ट बैंक लि., प्रमुख कार्यलय, वीरगंजको धितोमा रहेको सम्पत्ति लिलाम बिक्रिको १५ दिने सुचना

यस कर्पोरेट डेभलपमेण्ट बैंक लिमिटेडका तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋण कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सांवा, ब्याज, हर्जाना ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सुचना गरी तरतागेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्त, बन्देजहरु उल्लंघन गरेको हुनाले निज ऋणीलाई सम्पुर्ण कर्जा, सो कर्जाको ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुरहरु तिर्न बुझाउनका लागि यस अघि मधेशदृष्टि राष्ट्रिय स्तरको पत्रिकामा मिति २०८३/०१/३० गतेमा ३५ दिने सार्वजनिक सुचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने कर्जा चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीले प्राप्त गरेको ऋण कर्जाको सुरक्षण वापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिल बमोजिमको चल/अचल सम्पति तथा सो को लिग लगापात समेत जहां जे जस्तो अवस्थामा छ सोही अवस्थामा यो सुचना प्रकाशित भएको **मितिले १६ औं दिन (१६औं दिन बिदा परेकोमा लगतै कार्यलय खुलेको दिन) अर्थात मिती २०८३/०३/३० गते मंगलबारका दिन दिउँसो ४:०० बजे देखि बैंकको मुख्य कार्यालय वीरगंज, कर्जा विभागमा** गोप्य शिलबन्दी बोलपत्रद्धारा लिलाम बिक्री गरिने हुंदा उक्त अचल सम्पत्ति लिलाम सकार गरी लिन चाहनुहुने व्यक्ति, कम्पनी ,फर्म, संघ संस्थाहरु समेतको जानकारीको लागि यो सूचना प्रकाशित गरीएको छ । तसर्थ निम्न लिखत शर्तहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले उक्त १५ (पन्ध्र) दिन भित्र कार्यालय समयमा यस विकास बैंकको केन्द्रिय कार्यालय विरगन्ज म.न.पा वडा नं ०६ गिता मन्दिर रोड, पर्सामा शिलबन्दी बोलपत्र पेश गर्नुहुन यसै सूचनाद्धारा ईच्छुक महानुभावहरु तथा संघसंस्थाहरुलाई आव्हान गरि लिलाम बिक्रि गर्ने भएको हुंदा सर्वसाधारणको जानकारीको लागि यो सुचना प्रकाशित गरीएको छ ।

**तपसिल**

**१)ऋणीको नाम, ठेगाना**

१) प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिती २०४४ साल श्रावण महिना १२ गते रोज २ मा श्री ५ को सरकार ( घरेलु तथा साना उधोग कार्यलय) ,जिल्ला कार्यलय पर्सा ,बीरगंजमा दर्ता भै नं. प्रा.फ.नं. ९५/०४४/४५, तथा नेपाल सरकार ,अर्थ मन्त्रालय ,आन्तरिक राजस्व विभाग,विरगज,पर्सा मा दर्ता भै स्थायी लेखा नं.६०३२६५४११ अन्तर्गत दर्ता कायम भएको बीरगंज ,पर्सा कार्यालय रहेको श्री सुनिता कन्सट्रक्सन कं.(कम्पनी) ( प्रोप्राइटरः **बृज भार राउत कुर्मी**) ।

**कर्जाको प्रकार:-** गाडि कर्जा, आवधिक कर्जा, अधिविकर्ष कर्जा

**कर्जाको सुरक्षण विवरणः**

१) सिवनन्दन राउत कुर्मीको नाति, विसनाथ राउत कुर्मीको छोरा जिल्ला पर्सा, बस्डील्वा वडा नं.४ बस्ने(ना.प्र.न. ०९७५२२३५,जारी मिति २०६१/१२/११ जि.प्र.का. पर्सा) बर्ष ४० को **बृज भार राउत कुर्मी** को नाममा दर्ता कायम रहेको **जिल्ला पर्सा गा. वि स. मजडिहा पिपरा वडा नं ४ , ८ र ४ स्थित किता नं. ४८२ ,११६६ , ६४२ र ६४३ को जम्मा क्षेत्रफल त्रमश ०-१-०-०,०-०-५ ,०-०-५-८ र ०-०-५-८ को घरजगगा ।**

२) सिवनन्दन राउत कुर्मीको नाति, विसनाथ राउत कुर्मीको छोरा जिल्ला पर्सा, बस्डील्वा वडा नं.४ बस्ने(ना.प्र.न. ०९७५२२३५,जारी मिति २०६१/१२/११ जि.प्र.का. पर्सा) बर्ष ३९ को **बृज भार राउत कुर्मी** को नाममा दर्ता कायम रहेको **जिल्ला बारा गा. वि स. फतेपुर वडा नं ९ स्थित किता नं. ७०७ को जम्मा क्षेत्रफल ०-६-० को घरजग्गा ।**

३) प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिती २०४४ साल श्रावण महिना १२ गते रोज २ मा श्री ५ को सरकार ,जिल्ला कार्यलय पर्सा ,बीरगंजमा दर्ता भै नं. प्रा.फ.नं. ९५/०४४/४५,अन्तर्गत दर्ता कायम भएको तथा बीरगंज, पर्सा कार्यालय रहेको श्री सुनिता कन्सट्रक्सन कंम्पनीको को नाममा दर्ता कायम रहेको JCB NXT 140 Excavator गाडी नं. प्रदेश **२-०३-००१ क १७३७ को च्यासिस नं. २९४५१०९ इन्जिन नं.८४९४२२५७।**

**व्यक्तिगत जमानीकर्ता :**

१) राजेन्द्र राउत कुर्मीको छोरी ,विसनाथ राउत कुर्मीको बुहारी ,बृज भार राउत कुर्मीको पत्नी, जिल्ला पर्सा, श्रीसिया ख.टो वडा नं. ८ (हालः जिल्ला पर्सा, बस्डील्वा वडा नं.४) बस्ने(ना.प्र.नं. ३४३०७५/१७३, जारी मिति २०६३/११/२६, जि.प्र.का पर्सा) **बर्ष ३५ की मालती कुमारी ।**

२) सिवनन्दन राउत कुर्मीको नाति, विसनाथ राउत कुर्मीको छोरा जिल्ला पर्सा, बस्डील्वा वडा नं.४ बस्ने(ना.प्र.न. ०९७५२२३५,जारी मिति २०६१/१२/११ जि.प्र.का. पर्सा) बर्ष ४१ को **बृज भार राउत कुर्मी ।**

**पुनश्च : धितो लेखिदिने तथा ब्यक्तिगत जमानी दिनेहरुलाई सूचना :**

उपरोक्त ब्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्नु हुन पुन :अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितो लिलाम बढाबढ भई बिकीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलाम बाट कायम हुने धितो सम्पत्तिको मुल्य घटि वा बढि हुने प्रकृयामा समेत प्रत्यक्ष अवलोकनको लागि सुचित गरिन्छ । उल्लिखित धितो सम्पत्ति लिलाम बिकी गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको कम मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिकी भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा बिकी भयो वा बैंक आफैले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७(६) अनुसार सकार गरि लियो भनी कहि कतै उजुर वाजुर गर्न पाउनुहुने छैन । उक्त सम्पत्ति लिलाम बिकी गर्दा वा पुनर्मुल्याकन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभई बाकी रहेमा ऋणी लगायत ब्यक्तिगत जमानी दिनेहरुको अन्य श्रीसम्पतिहरुबाट असुल उपर गरिने ब्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ ।

**शिलबन्दी लिलाम बिक्री सम्वन्धी अन्य शर्त वन्देजहरु :**

१) शिलबन्दी बोलपत्र आवेदन फारम यस विकास बैंकको केन्द्रीय कार्यालय, वि.म.न.पा वडा नं ०६ गितामन्दिर रोड, पर्साबाट प्राप्त गर्न सकिनेछ ।
२) शिलवन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्रौ) दिनको दिउंसो ४:०० बजे भित्र केन्द्रिय कार्यालय विरगन्ज म.न.पा.०६ गितामन्दिर रोड पर्सामा कार्यालय समय भित्र प्राप्त भई सक्नुपर्नेछ ।
३) बोलपत्र फारममा आफूले कवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गरी कवोल गरेको अंकको कम्तीमा १० प्रतिशत रकम यस बिकास बैंकको सण्ड्रि क्रेडिटर्स खातामा जम्मा गरेको भौचरको सक्कल प्रति साथ पेश गर्नुपर्नेछ । बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले ७ (सात) दिन भित्र बाँकी ९० (नब्बे) प्रतिशत रकम बुझाई लिलाम सकार गरेको सम्पत्ति आफनो नामसारी गरीलिने र नामसारी गर्दा लाग्ने राजश्व लगायतका अन्य सम्पूर्ण खर्च समेत भुक्तान गर्नेगरी गरी लिनुपर्नेछ । सो म्याद भित्र रकम जम्मा नभएमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत गर्ने अधिकार बैंकमा रहनेछ ।
४) कुनै शर्त राखी पेश गरेको वा रित नपुगी वा म्याद नाघि पेश हुन आएको बोत्रपत्र स्वतः रद्द हुनेछ ।
५) लिलाम बिक्री हुने सम्पत्तीको जे जस्तो अवस्थामा छ सोही अवस्थामा एक मुष्ठ तथा छुट्टा छुट्टै कित्ता नम्बर अनुसार बिकी गर्न बोलपत्र भर्न सकिनेछ । बिकी नामसारी भएपछि बैंकको कुनै दायित्व रहने छैन ।
६) बोलपत्र खोल्नका लागि आमन्त्रीत प्रतिनिधी वा बोलपत्रदाताहरु समेत उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन । बोलपत्र खोल्ने दिन सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ ।
७) कुनै कारण खुलाई वा नखुलाई उक्त बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार विकास बैंकमा सुरक्षित रहनेछ ।
८) अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ ।

**शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८३ असार २९ गते सोमबार दिउँसो ४:०० बजे सम्म ।**
**शिलबन्दी बोलपत्र खोलिने मिति : २०८३ असार ३० गते मंगलबार दिउँसो ४:०० बजे देखि ।**
**बोलपत्र खोलिने स्थान : केन्द्रिय कार्यालय, गितामन्दिर रोड, बीरगन्ज-०६, पर्सा ।**

**नोट :ऋणी तथा जमानतकर्ता बाहेकका सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनका लागि मात्र प्रयोग गरिएको ।**

Corporate Development Bank Ltd.
कर्पोरेट डेभलपमेन्ट बैंक लि.
first choice - financial friend
नेपाल राष्ट्र बैंकबाट ख वर्गको ईजाजत पत्र प्राप्त वित्तिय संस्था

प्रधान कार्यालयः
गीता मन्दिर रोड, वीरगंज,पर्सा
फोन नं. ०५१-५३१०३१
शाखा कार्यालयः बसपार्क (बाईपास) बिरगंज ड्राईपोर्ट, श्रीसिया, बिरगंज । टेडारोड, चोर्नी, (जीतपुर), बर्दिबास ,बरहथवा ।

# वैदेशिक रोजगारीबाट फर्किएकाको पुन:एकीकरणमा जोड,

## निजी क्षेत्रको मागअनुसार सीप विकास गरिने

**मधेशदृष्टि**
**जनकपुरधाम।**
वैदेशिक रोजगारीबाट फर्किएका नेपाली श्रमिकहरूको पुनःएकीकरण, रोजगारी सिर्जना तथा निजी क्षेत्रको आवश्यक्ता अनुरूप सीप विकास गर्नुपर्नेमा सरोकारवालाले जोड दिएका छन्।
नेपाल उद्योग वाणिज्य संघ मधेसको आयोजनामा भएको 'वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरूको पुनःएकीकरण सम्बन्धी प्रदेशस्तरीय अन्तरक्रिया कार्यक्रम'मा सहभागीहरूले नेपालमा दक्ष जनशक्ति अभावका कारण निजी क्षेत्रले आवश्यक सीप भएका कामदार सहज रूपमा पाउन नसकेको बताएको संघको कार्यकारी निर्देशक प्रदीप कर्णले बताए । कार्यक्रममा निजी क्षेत्रका प्रतिनिधिहरूले उद्योग तथा व्यवसाय सञ्चालनका लागि प्राविधिक सीप भएका कामदारको अभाव रहेको उल्लेख गर्दै वैदेशिक रोजगारीबाट फर्किएका श्रमिकहरूको सीप, अनुभव र क्षमताको उचित उपयोग गर्न सके स्वदेशमै रोजगारीका अवसर विस्तार हुने धारणा राखे।
छलफलका क्रममा वैदेशिक रोजगारीबाट फर्किएका धेरै श्रमिकले नेपालमा उपयुक्त रोजगारी नपाउनुका कारण उनीहरूको सीप र अनुभवअनुसारको रोजगारीको



अभाव, रोजगारदाता र कामदारबीच विश्वासको कमी तथा श्रम बजारसँग समन्वय कमजोर रहेको औँल्याइएको थियो।
सहभागीहरूले कामदार र रोजगारदाताबीच विश्वास र विश्वसनीयता कायम गर्न पारदर्शी श्रम सम्बन्ध, सीप प्रमाणीकरण, रोजगार सूचना प्रणालीलाई प्रभावकारी बनाउने तथा दुवै पक्षबीच नियमित समन्वय आवश्यक रहेको सुझाव दिएका थिए । कार्यक्रममा मधेसको श्रम तथा रोजगार मन्त्रालयका बरिष्ठ उपसचिव धनञ्जय सिंहले पहिले योजनाहरु मागका अनुसार आपूर्ती गरिदैन थियो तर अब आगामी आर्थिक वर्षदेखि प्रदेश सरकारले मागको आधारमा योजनाहरु ल्याउने प्रतिवद्धता व्यक्त गरे । कार्यक्रममा रेमिट्यान्सको ठूलो हिस्सा उपभोगमा खर्च भइरहेको र करिब २.८ प्रतिशत मात्रै उत्पादनमूलक लगानीमा प्रयोग हुने गरेको तथ्य प्रस्तुत गर्दै रेमिट्यान्सलाई उद्यम, कृषि, उद्योग तथा अन्य उत्पादनशील क्षेत्रमा परिचालन गर्नुपर्नेमा जोड दिइयो । नेपाल उद्योगा वाणिज्य महासंघका केन्द्रीय सदस्य एवं सिरहा उद्योग वाणिज्य संघका अध्यक्ष अमरनाथ साहको अध्यक्षतामा भएको कार्यक्रममा सुखीपुर उद्योग व्यापार समितिका अध्यक्ष सूर्यनारायण यादव, नेपाल उद्योग वाणिज्य संघ मधेसका कार्यकारिणी सदस्य प्रदीप भट्टराईसहितकाले मन्तव्य राखेका थिए।

# वडाध्यक्ष बृजकिशोर कुशवाहा पक्राउ

**मधेशदृष्टि**
**बारा।**
प्रसौनी गाउँपालिका–६ का वडा अध्यक्ष बृजकिशोर कुशवाहा अभद्र व्यवहारको मुद्दामा पक्राउ परेका छन्। जिल्ला अदालतको अनुमति र जारी भएको पक्राउ पुर्जीका आधारमा वडा अध्यक्ष कुशवाहालाई आइतबार प्रहरीले नियन्त्रणमा लिएको हो । इलाका प्रहरी कार्यालय प्रसौनीबाट खटिएको प्रहरी टोलीले उनलाई कलैया उपमहानगरपालिका–२३ बैरटपुरस्थित आफ्नै निवासबाटै पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ । प्रहरी नायव उपरीक्षक एवम् सूचना अधिकारी मीनबहादुर घलेका अनुसार वडा अध्यक्ष कुशवाहामाथि चालू अवस्थामा रहेको अभद्र व्यवहारसम्बन्धी मुद्दामा आवश्यक अनुसन्धान र कानुनी कारबाही अगाडि बढाउन जिल्ला प्रहरी कार्यालयमा राखिएको छ।

# मधेश प्रदेशमा रोपाइँको चटारो, पर्याप्त वर्षापछि किसान उत्साहित

**जनकपुरधाम।**
धनुषाको धनुषाधाम नगरपालिका–४ का श्याम यादवलाई यति बेला धान रोपाइँ गर्न चटारो छ । पर्याप्त वर्षापछि उनलाई धमाधम धान रोपाइँको चटारो भएको हो। अघिल्ला वर्षमा थोरै वर्षा हुँदा ढिला गरी धान रोपाइँ गर्दै आएका यादव यस वर्ष समयमै पर्याप्त वर्षा भएपछि धमाधन धान रोपाइँ गर्न व्यस्त भएका हुन्। 'पोहर परार साल साउन भदौ महिनातिर वर्षा भएको थियो, त्यसैले सोचेको जस्तो धान रोपाइँ गर्न सकेका थिएनौं', यादव भन्छन्, 'यसवर्ष असारको पहिलो हप्तादेखि नै पर्याप्त वर्षा भयो, त्यसैले धान रोपाइँ गर्न भ्याइ नभ्याई छ।' हालसम्म करिब तीन बिगाह जग्गामा धान रोपाइँ गरिसके, अबको केही दिनमै रोपाइँ सकिने उनको भनाइ छ।
यस्तै धनुषाको सहिद नगरनगरपालिका–६ का रामकिसुन साहलाई पनि रोपाइँ गर्न चटारो छ। अघिल्ला वर्ष बर्सात्को अभावमा धेरै जग्गा बाँझो छोडेका साहले यसवर्ष असारको दोश्रो सातामै अधिकांश खेतमा धान रोपाइँ गरिसकेको बताउँछन् । धनुषाको यादव र साह मात्र होइनन्, मधेश प्रदेशका अधिकांश जिल्लाका किसान धान रोपाइँ व्यस्त छन्। लामो समयसम्म पर्याप्त वर्षा नहुँदा रोपाइँ प्रभावित भए पनि पछिल्ला दिनमा निरन्तर पानी परेपछि किसान खेतमा व्यस्त भएका छन्। कतै ब्याड निकालिँदै छ त कतै धान रोप्ने काम भइरहेको छ। असार लागेसँगै मधेश प्रदेशमा धमाधम रोपाइँ भइरहेका छन्।
धनुषा, महोत्तरी, सिरहा, सप्तरी, सर्लाही, रौतहट, बारा र पर्सालगायत जिल्लाका किसानले रोपाइँमा व्यस्त छन् । मधेश प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका अनुसार असार दोस्रो सातासम्ममा मधेश प्रदेशमा कुल क्षेत्रफलको ४ दशमलव ३६ प्रतिशत हेक्टर क्षेत्रफलमा धान रोपाई भएको छ । सबैभन्दा बढी महोत्तरीमा ८ दशमलव १७ प्रतिशत हेक्टर क्षेत्रफलमा धान रोपाइँ भएको छ भने सबैभन्दा कम पर्सा र रौतहटमा शून्य प्रतिशत धान रोपाइँ भएको मन्त्रालयले जनाएको छ । जिल्लागत हिसाबले महोत्तरीमा ४० हजार हेक्टर खेतीयोग जग्गामध्ये तीन हजार २६६ हेक्टरमा धान रोपाइँ भएको मन्त्रालयका सूचना अधिकारी अजय ज्ञवालीले जानकारी दिए।
सप्तरीमा ६८ हजार हेक्टर खेतीयोग्य जग्गामध्ये तीन हजार ४०० हेक्टर, बारामा ४५ हजार १०० हेक्टर खेतीयोग्य जग्गामध्ये तीन हजार २५० हेक्टर, धनुषामा ४३ हजार ७०० हेक्टर खेतीयोग्य जग्गामध्ये तीन हजार ५९ हेक्टर, सिरहामा ५४ हजार हेक्टर खेतीयोग्य जग्गामध्ये दुई हजार ७०० हेक्टर र सर्लाहीमा ४२ हजार ६९५ हेक्टर खेतीयोग्य जग्गामध्ये एक हजार ३६ हेक्टर क्षेत्रफलमा धान रोपाइँ भएको सूचना अधिकारी ज्ञवालीले बताए।
कृषि प्राविधिकका अनुसार असार महिनाभित्र धान रोपाइँ सम्पन्न गर्न सके उत्पादनमा सकारात्मक प्रभाव पर्ने अपेक्षा गरिएको छ । पर्याप्त चिस्यान भएपछि खेत तयारी, बीउ उखेल्ने र रोपाइँको काम एकै साथ भइरहेको छ । यसवर्ष किसानले उन्नत जातका धानका बीउ प्रयोगसँगै रासायनिक तथा प्राङ्गारिक मलको उचित व्यवस्थापनमा ध्यान दिएका छन् । यद्यपि केही स्थानमा मलको उपलब्धता र सिँचाइ पूर्वाधार अझै चुनौतीका रूपमा रहेको सप्तरीको बोदे बसाइका किसान अजयकुमार यादव बताउँछन्।
धान नेपालको प्रमुख खाद्यान्न बालीमध्ये एक हो । मधेश प्रदेश देशकै प्रमुख धान उत्पादन क्षेत्र भएकाले यहाँको उत्पादनले राष्ट्रिय खाद्य सुरक्षामा महत्त्वपूर्ण योगदान पु¥याउने गरेको छ । समयमै पर्याप्त वर्षा भई रोपाइँ सम्पन्न भए उत्पादन वृद्धि हुने अपेक्षा गरिएको छ । यसैबीच किसान धमाधम रोपाइँमा व्यस्त हुँदा मधेश प्रदेश सरकारले प्रदेशका स्थानीय तहलाई वर्षे धानबालीलाई लक्षित बफर रासायनिक मलको बाँडफाँट गरेको छ।
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको अनुसार रासायनिक मल युरिया र डिएपी कृषि सामग्री कम्पनी र साल्ट ट्रेडिङलाई वितरणका लागि स्थानीय तहअनुसार बाँडफाँट गरेको हो । प्रदेशको आठवटै जिल्लाको १३६ वटै स्थानीय तहका लागि सात हजार ३२८ मेट्रिकटन युरिया र छ हजार ६१० मेट्रिकटन डिएपी मल बाँडफाँड गरिएको मन्त्रालयका सूचना अधिकारी ज्ञवालीले बताए । उनका अनुसार सप्तरीको स्थानीय तहका लागि ९७५ मेट्रिकटन युरिया र एक हजार ३५ मेट्रिकटन डिएपी, सिरहाका लागि एक हजार ७२ मेट्रिकटन युरिया र एक हजार १३७ मेट्रिकटन डिएपी, धनुषाका लागि ९२६ मेट्रिकटन युरिया र ७७८ मेट्रिकटन डिएपी, महोत्तरीका लागि ८८० मेट्रिकटन युरिया र ७४० मेट्रिक टन डिएपी छुट्टयाएको छ।
सर्लाहीका लागि एक हजार ९३ मेट्रिकटन युरिया र ९१९ मेट्रिकटन डिएपी, रौतहटका लागि ८७५ मेट्रिकटन युरिया र ७३६ मेट्रिकटन डिएपी, बाराका लागि ८१९ मेट्रिकटन युरिया र ६८९ मेट्रिक टन डिएपी र पर्साका लागि ६८७ मेट्रिक टन युरिया र ५७८ मेट्रिकटन डिएपी बाँडफाँड गरिएको मन्त्रालयका सूचना अधिकारी ज्ञवालीले जानकारी दिए। रासस

# गृहमन्त्रीको गोप्य सीमा...

भेषमा किसान, व्यवसायी, सर्वसाधारण तथा स्थानीयसँग प्रत्यक्ष कुराकानी गरी वास्तविक अवस्था बुझ्ने प्रयास गरेका थिए।
विशेषगरी रासायनिक मलको अभाव, कालोबजारी, सरकारी सेवा प्रवाह, खाद्य स्वच्छता, निर्माणाधीन सडकको गुणस्तर तथा सुरक्षा निकायप्रतिको जनविश्वासबारे उनले विस्तृत जानकारी लिएको स्रोतले जनाएको छ।
गृहमन्त्रीको सबैभन्दा बढी चासो सीमाक्षेत्रबाट हुने सँगठित तस्करी र त्यसमा सुरक्षा संयन्त्रको भूमिकामाथि केन्द्रित थियो।
पर्सा–बारा सीमामा दैनिक रूपमा कपडा, किराना, इलेक्ट्रोनिक्स सामग्री, औषधि, मोटरसाइकलका पार्टपुर्जा, कृषि सामग्री, इन्धनदेखि अन्य उच्च राजस्वयुक्त वस्तुसम्म अवैध रूपमा भित्रिने गरेको विषयमा स्थानीयले खुलेर गुनासो गरेका थिए । स्थानीय व्यवसायी र सर्वसाधारणले केही नेपाल प्रहरी र सशस्त्र प्रहरीका कर्मचारीको मिलेमतोबिना यति ठूलो परिमाणमा तस्करी सम्भव नहुने दाबी गर्दै गृहमन्त्रीसमक्ष सुरक्षा चौकीदेखि उच्च तहसम्म आर्थिक चलखेल हुने आरोपसमेत लगाएको स्रोतको भनाइ छ।
सीमावर्ती क्षेत्रमा लामो समयदेखि सक्रिय तस्करी समूहले विभिन्न नाकामा 'रेट' निर्धारण गरेर अवैध सामान ओसारपसार गर्ने गरेको, केही सुरक्षाकर्मीले मासिक रकम बुझेर संरक्षण दिने गरेको तथा कारबाहीका नाममा साना भरिया मात्रै समात्ने तर मुख्य कारोबारी भने राजनीतिक र प्रशासनिक संरक्षणमा उम्किने गरेको गुनासोसमेत गृहमन्त्रीले सुनेको बताइएको छ। गृहमन्त्रीसँगै रहेका एक अधिकारीका अनुसार भ्रमणका क्रममा उनले धेरै व्यक्तिको नाम, स्थान र घटनाबारे आफ्नो डायरीमा टिपोट गरेका थिए । 'उनले सुनेका प्रत्येक गम्भीर सूचनालाई नोट गर्नुभएको थियो । केही विषयमा थप अनुसन्धान आवश्यक देखिएको छ,' ती अधिकारीले नाम नखुलाउने सर्तमा बताए।
भ्रमणको जानकारी सार्वजनिक भएसँगै वीरगंज तथा सीमावर्ती क्षेत्रमा सक्रिय तस्करी समूहभित्र त्रास फैलिएको बताइएको छ । केही स्थानमा अवैध गोदाम खाली गर्न थालिएको, आर्थिक कारोबारका प्रमाण हटाउने प्रयास भइरहेको तथा सुरक्षा निकायसँग निकट मानिएका व्यक्तिहरू समेत सम्पर्कविहीन बन्न थालेको स्थानीय स्रोतहरूको दाबी छ।
यता सीमा क्षेत्रमा कार्यरत केही सुरक्षा अधिकारीले भने तस्करी नियन्त्रणका लागि आफूहरू निरन्तर सक्रिय रहेको दाबी गरेका छन् । तर स्थानीय व्यवसायीहरूका अनुसार तस्करी नियन्त्रणका नाममा बेला–बेला गरिने कारबाही प्रायः देखावटी हुने गरेको र वास्तविक नेटवर्क भने अझै सुरक्षित रहेको आरोप छ । गृहमन्त्रीको सचिवालयले भने भ्रमणबारे औपचारिक रूपमा कुनै विवरण सार्वजनिक गरेको छैन । तर गृह मन्त्रालय निकट स्रोतका अनुसार सीमाक्षेत्रको वास्तविक अवस्था बुझ्न औपचारिक जानकारीबिना स्थलगत अनुगमन गरिएको हो र प्राप्त सूचनाका आधारमा आवश्यक प्रशासनिक तथा कानुनी निर्णय हुन सक्ने संकेत देखिएको छ।
मधेशका सीमावर्ती क्षेत्रमा वर्षौंदेखि उठ्दै आएको तस्करी, भ्रष्टाचार, कमिसनखोरी र सुरक्षा संयन्त्रको कथित मिलेमतोबारे यसपटक केन्द्र सरकारले संकलन गरेको सूचनाले आगामी दिनमा ठूला प्रशासनिक फेरबदल, अनुसन्धान तथा कारबाहीको आधार तयार गर्न सक्ने आकलनसमेत गर्न थालिएको छ।

# जनकपुरधामलाई हरित शहर बनाउन वृक्षारोपण अभियान सुरु



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधाम उपमहानगरपालिकाले नगरलाई हराभरा, स्वच्छ तथा वातावरणमैत्री बनाउने उद्देश्यका साथ वृक्षारोपण अभियानको औपचारिक सुरुवात गरेको छ । अभियानको पहिलो चरणमा नगरका मुख्य सडक किनारमा ट्रीगार्डसहित बिरुवा रोपिएको उपमहानगरपालिकाले जनाएको छ ।

आइतबार थापा चोकदेखि मुजेलियासम्मको सडक खण्डमा विभिन्न प्रजातिका बिरुवा रोपिएको हो । बिरुवाको दीर्घकालीन संरक्षण सुनिश्चित गर्न प्रत्येक बिरुवामा ट्रीगार्ड लगाइएका छ, जसले क्षति हुनबाट जोगाउन सहयोग पुग्ने विश्वास गरिएको छ ।

नगर प्रमुख मनोजकुमार साहले तीव्र शहरीकरण, बढ्दो प्रदुषण र तापक्रम वृद्धिजस्ता वातावरणीय चुनौतीलाई ध्यानमा राख्दै हरियाली विस्तारको अभियान अघि बढाइएको बताए । उनका अनुसार अभियानलाई क्रमिक रूपमा विस्तार गर्दै आगामी चरणमा जिल्ला प्रशासन कार्यालयदेखि जिल्ला अदालत हुँदै भैरव चोकसम्मको सडक क्षेत्रमा पनि वृक्षारोपण गरिनेछ ।

उपमहानगरपालिकाको विश्वास छ कि हरियाली विस्तारले वातावरणीय सन्तुलन कायम गर्न, हावाको गुणस्तर सुधार्न, अत्यधिक गर्मीको प्रभाव न्यूनीकरण गर्न तथा नगरको सौन्दर्य अभिवृद्धिमा महत्वपूर्ण योगदान पुऱ्याउनेछ । यसैगरी, सार्वजनिक स्थल, सडक किनारा र खाली सरकारी जग्गामा समेत वृक्षारोपणलाई निरन्तरता दिइने योजना रहेको जनाइएको छ । रोपिएका बिरुवाको नियमित हेरचाह, संरक्षण र व्यवस्थापनलाई पनि प्राथमिकताका साथ अघि बढाइने उपमहानगरपालिकाले स्पष्ट पारेको छ । स्थानीय सरकारको यो पहलले वातावरण संरक्षणलाई बल पु¥याउनुका साथै जनकपुरधामलाई हरित, व्यवस्थित र दिगो शहरका रूपमा विकास गर्ने अभियानमा महत्वपूर्ण आधार तयार गर्ने अपेक्षा गरिएको छ ।

# जनकपुरधाममा जलवायु न्याय कार्यशाला




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जलवायु परिवर्तनबाट बढ्दो वातावरणीय जोखिम र त्यसले प्रभावित समुदायको अधिकार सुनिश्चित गर्ने उद्देश्यका साथ जनकपुरधाममा 'जलवायु न्याय अभियान क्षमता अभिवृद्धि कार्यशाला' सम्पन्न भएको छ । दिगो विकास इन्स्टिच्युट नेपालको समन्वय तथा युवा अभियन्ता आभाष कर्णको नेतृत्वमा आयोजित एकदिने कार्यशाला नेपाल पत्रकार महासंघ धनुषाको सभाहलमा सम्पन्न भएको हो । कार्यक्रममा कायापलट, ओरेक नेपाल तथा अन्य साझेदार संस्थाको सहकार्य रहेको आयोजकले जनाएको छ ।

कार्यशालामा मधेश प्रदेशका आठ जिल्लाका करिब ४५ जना युवा, सामाजिक अभियन्ता र जलवायु क्षेत्रमा सक्रिय व्यक्तिहरूको सहभागिता रहेको थियो। कार्यक्रममा जलवायु परिवर्तनका चुनौती, जलवायु न्यायको अवधारणा, नीति निर्माणमा युवाको भूमिका तथा स्थानीय तहमा जलवायुमैत्री योजना निर्माणका विषयमा छलफल गरिएको थियो । सहभागीहरूले समूहगत रूपमा विभिन्न कार्ययोजना तयार गरी प्रस्तुतसमेत गरेका थिए ।

कार्यक्रमका प्रमुख अतिथि जनकपुरधाम उपमहानगरपालिकाका उपमेयर किशोरी साहले जलवायु परिवर्तनबारे जनचेतना अझै पर्याप्त हुन नसकेको उल्लेख गर्दै युवाको सक्रिय सहभागिता सकारात्मक भएको बताए । उनले यस्ता अभियानलाई वडा तहसम्म विस्तार गर्नुपर्ने आवश्यकता औंल्याउँदै उपमहानगरपालिकाको तर्फबाट आवश्यक सहयोग रहने प्रतिबद्धता व्यक्त गरे ।

ओरेक नेपाल मधेश प्रदेश संयोजक बिना सिंहले जलवायु परिवर्तनले महिला तथा सीमान्तकृत समुदायको स्वास्थ्य, जीविकोपार्जन र दैनिक जीवनमा गम्भीर असर पारेको बताइन् । उनले जलवायुसम्बन्धी नीति निर्माण प्रक्रियामा महिलाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्नुपर्नेमा जोड दिइन् ।

कायापलटका कार्यक्रम अधिकृत प्रत्युष ठाकुरले मधेश प्रदेशमा देखिएका वातावरणीय संकट, जोखिम न्यूनीकरण, मानव अधिकार र युवाको भूमिकाबारे प्रस्तुति दिँदै जलवायु परिवर्तनलाई वातावरणीय मात्र नभई सामाजिक न्यायसँग जोडिएको मुद्दाका रूपमा बुझ्नुपर्ने धारणा राखे ।

कार्यक्रम संयोजक आभाष कर्णले जलवायु न्यायको अवधारणा, युवाको नेतृत्व विकास तथा स्थानीय तहबाटै परिवर्तनको सुरुआत गर्नुपर्ने विषयमा प्रस्तुति दिएका थिए । उनले जलवायु परिवर्तनका असर न्यूनीकरणका लागि युवाको सक्रिय सहभागिता अपरिहार्य रहेको उल्लेख गर्दै सचेतनालाई व्यवहारमा रूपान्तरण गर्नु नै अभियानको मुख्य उद्देश्य रहेको बताए ।

उनका अनुसार जनकपुरधाममा फोहोर व्यवस्थापन, हरियाली संरक्षण तथा जलवायु परिवर्तनबाट उत्पन्न समस्याको समाधानका लागि आगामी दिनमा पनि अभियानलाई निरन्तरता दिइनेछ । कार्यक्रममा टोलीका सदस्य धर्मेन्द्र कुमार महतोले जलवायु संकट समाधानका सम्भावित उपायबारे आफ्नो धारणा राखेका थिए भने नेपाल पत्रकार महासंघ धनुषाका उपाध्यक्ष अवधेश कामतले सञ्चारमाध्यम र डिजिटल प्लेटफर्ममार्फत जलवायु न्यायसम्बन्धी जनचेतना प्रभावकारी रूपमा फैलाउन सकिने बताए ।

आयोजकका अनुसार कार्यशालामा सहभागी युवाहरूले आफ्ना समुदायमा जलवायु न्यायसम्बन्धी सचेतना विस्तार गर्ने, स्थानीय तहसँग सहकार्य गरी वातावरण संरक्षणका अभियान सञ्चालन गर्ने तथा दिगो विकासका लक्ष्य हासिल गर्न सक्रिय भूमिका निर्वाह गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।

दिगो विकास इन्स्टिच्युट नेपालले युवा नेतृत्व विकास, वातावरण संरक्षण, दिगोपन र जलवायु न्यायको प्रवद्र्धन गर्दै समाजमा सकारात्मक परिवर्तन ल्याउने उद्देश्यका साथ यस्ता कार्यक्रमलाई निरन्तर सञ्चालन गर्दै आएको जनाएको छ ।

# संघीयता कार्यान्वयनबारे राष्ट्रिय सभा समितिको अन्तरक्रिया, समन्वय र सुधारमा जोड



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
संघीय संसदअन्तर्गत राष्ट्रिय सभाको संघीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समितिले जनकपुरधाममा संघीयता कार्यान्वयनको अवस्था, तीन तहका सरकारबीचको समन्वय तथा राष्ट्रिय सरोकारका विषयमा अन्तरक्रिया एवं स्थलगत अनुगमन कार्यक्रम सम्पन्न गरेको छ ।

जनकपुरधाम उपमहानगरपालिकाको सभाहलमा आइतबार आयोजित कार्यक्रममा संघ, प्रदेश र स्थानीय सरकारबीचको समन्वय, वित्तीय तथा प्रशासनिक संघीयताको प्रभावकारी कार्यान्वयन, आवश्यक कानुन निर्माण, स्रोत–साधनको व्यवस्थापन, विकास आयोजना कार्यान्वयन, राष्ट्रिय सम्पदाको संरक्षण तथा समन्यायिक विकासलगायत विषयमा विस्तृत छलफल गरिएको थियो ।

कार्यक्रमलाई सम्बोधन गर्दै समितिकी सभापति रोशनी मेचेले संघीय शासन व्यवस्थामाथि भइरहेका आलोचना र प्रश्नप्रति गम्भीर ध्यानाकर्षण भएको बताउँदै संघीयताको मूल मर्म र उपलब्धिको संरक्षण गर्दै त्यसलाई थप प्रभावकारी बनाउनु सबै पक्षको साझा दायित्व भएको धारणा राखिन् । उनले संघीय प्रणालीमाथि हुने कुनै पनि प्रकारको प्रहार स्वीकार्य नहुने स्पष्ट पार्दै यसको सफल कार्यान्वयनका लागि सबै तहका सरकार जिम्मेवार र जवाफदेही बन्नुपर्नेमा जोड दिइन् । उनले सामाजिक न्यायको अवस्था अपेक्षाअनुसार सुदृढ हुन नसकेको उल्लेख गर्दै लैंगिक हिंसा, श्रम शोषण तथा विभेदजस्ता समस्याले समाजमा चुनौती सिर्जना गरिरहेको बताइन् । यस्ता समस्याको समाधानका लागि राज्यका तीनै तहबीच प्रभावकारी समन्वय र सहकार्य अपरिहार्य रहेको उनको भनाइ थियो ।

जनकपुरधाम उपमहानगरपालिकाका नगरप्रमुख मनोजकुमार साहले स्थानीय तहले संघीयताको भावना अनुरूप सेवा प्रवाह र विकास निर्माणका कामलाई प्राथमिकताका साथ अघि बढाइरहेको बताए । उनले संघीय शासन प्रणालीलाई थप प्रभावकारी बनाउन संघ, प्रदेश र स्थानीय सरकारबीचको सहकार्य र समन्वय अझ मजबुत हुनुपर्ने आवश्यकता औंल्याए ।

कार्यक्रममा समितिका सदस्य मनरुपा शर्मा, धर्मेन्द्र पासमान, जनकपुरधाम उपमहानगरपालिकाका उपप्रमुख किशोरी साह, वडाध्यक्षहरू, कार्यपालिका सदस्य, प्रमुख प्रशासकीय अधिकृत, विभिन्न सरकारी कार्यालयका प्रमुख, सुरक्षा निकायका प्रतिनिधि तथा अन्य सरोकारवाला निकायका पदाधिकारीहरूको सहभागिता रहेको थियो ।

समितिले अन्तरक्रिया र स्थलगत अनुगमनका क्रममा संघीयता कार्यान्वयनमा देखिएका व्यावहारिक चुनौती, कानुनी तथा प्रशासनिक सुधारका आवश्यकता, स्रोत व्यवस्थापन र तहगत समन्वयलाई थप प्रभावकारी बनाउने विषयमा सुझाव संकलन गरिएको जनाएको छ । साथै प्राप्त सुझावका आधारमा संघीय शासन प्रणालीलाई अझ सुदृढ र जनमुखी बनाउन आवश्यक पहल गरिने विश्वास व्यक्त गरिएको छ ।

# नक्कली बोरवेल पाइप बिक्री गर्ने पक्राउ, ६३९ थान पाइप बरामद

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
सिरहाको गोलबजार नगरपालिकामा प्रसिद्ध ब्रान्डको लोगो प्रयोग गरी नक्कली बोरवेल पाइप बिक्री–वितरण गरिरहेको आरोपमा एक हार्डवेयर पसलका सञ्चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

इलाका प्रहरी कार्यालय गोलबजारका अनुसार विशेष सूचनाका आधारमा आइतबार गोलबजार नगरपालिका–६ स्थित निहाल आइरन स्टोर हार्डवेयर पसलमा छापा मारिएको थियो । कानुनी प्रक्रिया पूरा गरी गरिएको खानतलासीका क्रममा ११४ एमएम, ११० एमएम र ९० एमएम आकारका गरी जम्मा ६३९ थान बोरवेल पाइप बरामद गरिएको प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार उक्त पसलका सञ्चालक सिरहा नगरपालिका–२० लगडीगदियानी टोलका स्थायी बासिन्दा तथा हाल गोलबजार नगरपालिका–४ मा डेरा गरी बस्ने अन्दाजी ४६ वर्षीय महमद साबिर खाँ हुन् । प्रारम्भिक अनुसन्धानका क्रममा उनले 'मार्भेल' नामक कम्पनीको लोगो प्रयोग गरी सोही कम्पनीको नाममा नक्कली बोरवेल पाइप बिक्री गर्दै आएको विशेष सूचना प्राप्त भएपछि प्रहरी टोली परिचालन गरिएको थियो ।

बरामद गरिएका पाइपहरूको परीक्षण तथा सनाखतपछि 'मार्भेल' कम्पनीका आधिकारिक प्रतिनिधिले ती पाइप कम्पनीका वास्तविक उत्पादन नभई नक्कली रहेको पुष्टि गरेका छन् । साथै, सञ्चालक महमद साबिर खाँले पनि कम्पनीको लोगो प्रयोग गरी बिक्री गर्दै आएका बोरवेल पाइप नक्कली रहेको स्वीकार गरेको प्रहरीले जनाएको छ ।

प्रहरीले महमद साबिर खाँलाई नियन्त्रणमा लिई घटनासम्बन्धी थप अनुसन्धान अगाडि बढाएको जनाएको छ । साथै, नक्कली ब्रान्ड प्रयोग गरी उपभोक्तालाई ठगी गर्ने कार्यमा संलग्न अन्य व्यक्तिको संलग्नता भए–नभएको विषयमा पनि अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# अभद्र व्यवहार मुद्दामा प्रसौनी–६ का वडाध्यक्ष पक्राउ




**मधेशदृष्टि**
**कलैया ।**
अभद्र व्यवहारसम्बन्धी मुद्दामा बाराको प्रसौनी गाउँपालिका–६ का वडाध्यक्ष ८८बृजकिशोर कुशवाहा८८ पक्राउ परेका छन् । जिल्ला अदालतबाट जारी भएको पक्राउ पुर्जी कार्यान्वयन गर्दै प्रहरीले आइतबार उनलाई नियन्त्रणमा लिएको हो ।

जिल्ला प्रहरी कार्यालय बाराका अनुसार ३७ वर्षीय कुशवाहाविरुद्ध २०८३ वैशाख १७ गते अदालतबाट पक्राउ अनुमति जारी भएको थियो ।

सोही आदेशका आधारमा इलाका प्रहरी कार्यालय प्रसौनीबाट प्रहरी निरीक्षक सुमन लामाको नेतृत्वमा खटिएको विशेष टोलीले उनलाई पक्राउ गरेको हो । प्रहरी टोलीले वडाध्यक्ष कुशवाहालाई कलैया उपमहानगरपालिका–२३ बैराठपुरस्थित निजी निवासबाट नियन्त्रणमा लिई थप अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालय बारा ल्याएको जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय बाराका सूचना अधिकारी तथा प्रहरी नायव उपरीक्षक (डीएसपी) मीनबहादुर घलेले पक्राउको पुष्टि गर्दै अभद्र व्यवहारसम्बन्धी मुद्दामा आवश्यक अनुसन्धान र कानुनी प्रक्रिया अघि बढाइएको जानकारी दिए । प्रहरीका अनुसार घटनासम्बन्धी थप अनुसन्धान जारी रहेको छ ।

## नारायणी यातायात व्यवसायी संघका सदस्य महानुभावहरुमा अत्यन्त जरुरी सूचना

यस संघको मिति २०८३।०२।१५ गतेको कार्यसमितिको निर्णयानुसार संघको विधान बमोजिम ३७ औं बार्षिक साधारणसभा तथा १६ औं अधिवेसन तपसिल अनुसारको विषयमा। छलफल हुनेगरी निम्न मिति, समय र स्थानमा हुन गइरहेकोले उपस्थितिको लागि हार्दिक अनुरोध गरिन्छ ।

छलफलका विषयहरुः
१. बार्षिक प्रतिवेदन
२. आय व्यय विवरण सहितको लेखा परीक्षण प्रतिवेदन
३. लेखा परीक्षकको नियुक्ती
४. आगामी कार्ययोजना (प्रस्ताव)
५. विविध

*नोटः दोस्रोसत्र पश्चात अधिवेसन अन्तर्गत कार्यकारिणि समितिको पदाधिकारी एवं सदस्यहरुको निर्वाचन कार्यक्रम ।*

**कार्यक्रमः**
मितिः २०८३/०३/२६ गते, शुक्रवार
समयः विहान ८:०० बजे
स्थानः हिमालयन दरबार ब्याङ्क्वेट, हेटौंडा १, मकवानपुर ।

**सरोजकुमार खनाल**
महासचिव

**हिरालाल श्रेष्ठ**
अध्यक्ष

**नारायणी यातायात व्यवसायी संघ**
मुख्य कार्यालय हेटौंडा

# 'जबज' आज पनि उत्तिकै सान्दर्भिकः मदन भण्डारी जन्मजयन्तीमा अन्तरसंवाद



**मधेशदृष्टि**
**वीरगंज ।**
जननेता 'मदन भण्डारी' को ७५औँ जन्मजयन्तीको अवसरमा 'आजको सन्दर्भमा जनताको बहुदलीय जनवाद' विषयक अन्तरसंवाद कार्यक्रम आइतबार वीरगंजमा सम्पन्न भएको छ । मदन भण्डारी फाउण्डेशन, पर्साको आयोजनामा होटल वृन्दावनमा आयोजित कार्यक्रममा जनताको बहुदलीय जनवाद (जबज) को वर्तमान राजनीतिक सान्दर्भिकतामाथि व्यापक छलफल गरिएको थियो ।

फाउण्डेशन पर्साका अध्यक्ष शत्रुधन नेपालको अध्यक्षतामा सम्पन्न कार्यक्रममा पुरुषोत्तम पौडेल प्रमुख अतिथिका रूपमा सहभागी थिए । कार्यक्रममा नेपाल पत्रकार महासंघ मधेश प्रदेशका अध्यक्ष श्याम बन्जारा, महासंघका केन्द्रीय लेखा संयोजक केसी लामिछाने, केन्द्रीय सदस्य लालबाबु शेख, नेकपा (एमाले) का केन्द्रीय सदस्य तथा वीरगंज महानगरपालिकाका पूर्वमेयर विजय सरावगी तथा प्रेस चौतारी नेपाल पर्साका अध्यक्ष निरञ्जन मिश्र विशिष्ट अतिथिका रूपमा उपस्थित थिए ।

अन्तरसंवादमा वक्ताहरूले जननेता मदन भण्डारीद्वारा प्रतिपादित जनताको बहुदलीय जनवाद (जबज) नेपाली राजनीतिको महत्वपूर्ण वैचारिक आधार भएको उल्लेख गर्दै वर्तमान लोकतान्त्रिक, सामाजिक र राष्ट्रिय परिवेशमा यसको सान्दर्भिकता अझै कायम रहेको धारणा व्यक्त गरे । उनीहरूले जबजले लोकतन्त्रको सुदृढीकरण, राष्ट्रिय स्वाधीनताको संरक्षण, सामाजिक न्यायको प्रवद्र्धन तथा समृद्धिको मार्गलाई संस्थागत गर्न महत्वपूर्ण योगदान पु¥याएको उल्लेख गर्दै यसको मूल भावना व्यवहारमा कार्यान्वयन गर्न आवश्यक रहेकोमा जोड दिए ।

वक्ताहरूले मदन भण्डारीको दूरदर्शी नेतृत्व, वैचारिक स्पष्टता र राजनीतिक योगदानको स्मरण गर्दै उहाँका सिद्धान्तले नेपाली राजनीतिलाई नयाँ सोच र दिशा प्रदान गरेको बताए । साथै, वर्तमान पुस्ताले उहाँका आदर्श, राष्ट्रिय हितप्रतिको प्रतिबद्धता र वैचारिक विरासतबाट प्रेरणा लिनुपर्ने धारणा पनि राखिएको थियो ।

कार्यक्रममा विभिन्न सञ्चारमाध्यमका पत्रकार, मदन भण्डारी फाउण्डेशन पर्साका पदाधिकारी, राजनीतिक दलका प्रतिनिधि, बुद्धिजीवी तथा समाजका विभिन्न क्षेत्रका व्यक्तिहरूको उल्लेखनीय सहभागिता रहेको थियो ।

कार्यक्रमको समापन गर्दै फाउण्डेशनका अध्यक्ष शत्रुधन नेपालले सहभागी सबैप्रति आभार व्यक्त गर्दै जननेता मदन भण्डारीका विचार र जनताको बहुदलीय जनवादको अवधारणालाई समाजमा थप प्रभावकारी रूपमा स्थापित गर्न यस्ता वैचारिक अन्तरसंवादलाई आगामी दिनमा पनि निरन्तरता दिइने प्रतिबद्धता व्यक्त गरे ।

सम्पादकीय

# के कम्युनिष्ट शक्तिहरु एकाकार हुँदै आएका हुन् ?

स्वर्गीय मदन भण्डारीको जन्मजयन्तीको अवसर पारेर पूर्व राष्ट्रपति र चार जना पूर्व कम्युनिष्ट प्रधानमन्त्रीहरू एउटै मञ्चमा उभिनु नेपाली राजनीतिको एउटा अर्थपूर्ण परिदृश्य हो । टुटफुट, तीव्र ध्रुवीकरण र आपसी हिलो छ्यापाछ्यापमा रमाइरहेका कम्युनिष्ट नेताहरू यसरी एकाएक एउटै ठाउँमा देखिनु केवल एउटा औपचारिक साहित्यिक वा वैचारिक कार्यक्रम मात्र होइन, यसको अन्तरकुन्तरमा गहिरो राजनीतिक सन्देश लुकेको छ । इतिहास साक्षी छ, नेपाली कम्युनिष्टहरू विनाकारण वा विनाकुनै ठूलो दबाब विरलै मात्र यसरी सौहार्दपूर्ण रूपमा एकजुट हुन्छन्।

यो आकस्मिक मिलनको पृष्ठभूमिमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को बढ्दो 'रापताप' र वैकल्पिक राजनीतिक लहरले सिर्जना गरेको कम्पन स्पष्ट देख्न सकिन्छ। संसद् र सडक दुवै ठाउँमा परम्परागत दलहरूलाई चुनौती दिँदै नयाँ शक्तिहरूले जुन प्रकारको लोकप्रियता हासिल गरिरहेका छन्, त्यसले दशकौँदेखि सत्ताको बागडोर सम्हाल्दै आएका पुराना कम्युनिष्ट खेलाडीहरूलाई झस्काएको छ। जनआक्रोश, सुशासनको माग र पुराना नेताहरूप्रतिको वितृष्णालाई उपयोग गर्दै नयाँ दलहरूले जसरी आफ्नो प्रभाव विस्तार गरिरहेका छन्, त्यसले पुराना शक्तिहरूको राजनीतिक जमिन नै खस्किने खतरा बढाएको छ।

वास्तवमा, यो एकताको प्रयास विचारधाराको मिलन भन्दा पनि 'अस्तित्व रक्षा' को साझा छटपटी बढी हो। विगतमा सत्ता र शक्तिका लागि पानी बाराबारको स्थितिमा पुगेका कम्युनिष्ट घटकहरू आज जनस्तरमा बढ्दै गएको चरम असन्तुष्टि र नयाँ शक्तिको उदयका कारण रक्षात्मक बन्न पुगेका छन् । निर्वाचनका अंकगणितहरू र जनताको बदलिँदो मनोविज्ञानले पुराना दलहरू एक्लाएक्लै लड्दा बढ्ने जोखिमलाई बुझाएको छ। त्यसैले, मदन भण्डारीको विचार र विरासतको दुहाई दिँदै फेरि एकपटक सेन्टिमेन्ट (भावनात्मक) राजनीति कार्ड खेल्ने र आफ्नो मत सुरक्षित राख्ने रणनीति यसभित्र देखिन्छ।

यद्यपि, के केवल मञ्चमा सँगै बसेर वा नयाँ शक्तिको डरले मात्र कम्युनिष्ट एकता सम्भव छ त ? यो अहम् प्रश्न हो । विगतमा बलियो दुई–तिहाइको सरकार बनाउँदा समेत आपसी अहंकार, पदको लुछाचुँडी र गुटीय स्वार्थका कारण तत्कालीन नेकपा कसरी फुट्यो भन्ने कुरा जनताले बिर्सेका छैनन्। सिद्धान्त र नीतिमा स्पष्टता नहुने, केवल चुनाव जित्न र सत्ता टिकाउन मात्रै गरिने रणनीतिक गठजोडले दिगो परिणाम दिन सक्दैन। जनता अहिले खोक्रा नारा र कृत्रिम एकता भन्दा पनि ठोस डेलिभरी (परिणाम) र सुशासनको पर्खाइमा छन्।

निष्कर्षमा, रास्वपा र नयाँ लहरको रापतापले पुराना दलहरूलाई सच्चिन र एक ठाउँमा आउन दबाब दिएको कुरा सत्य हो, तर यो मिलन दीर्घकालीन र परिणाममुखी हुनका लागि प्रवृत्तिमा सुधार आउनु जरुरी छ । यदि कम्युनिष्ट नेताहरूले नयाँ शक्तिको उदयलाई केवल एउटा 'थ्रेट' (खतरा) का रूपमा मात्र हेरेर स्वार्थको राजनीति गरिरहे भने मञ्चको यो एकता क्षणिक मात्र साबित हुनेछ। वास्तविक एकताका लागि पुराना दलहरूले आफ्ना पुराना कार्यशैली, भ्रष्टाचारजन्य प्रवृत्ति र नातावादलाई त्यागेर जनताको मन जित्ने गरी काम गरेर देखाउनै पर्छ, अन्यथा समयको गतिले कसैलाई पर्खने छैन।

# नेपालको कम्युनिष्ट आन्दोलनमा जननेता मदन भण्डारीको योगदान



–डा.शुरामणि बेल्बासे

जननेता मदन भण्डारीको ७५ औँ जन्मदिवस असार १४ गते हो । २००९ साल असार १४ गते जन्मिनुभएका जननेता मदन भण्डारी जम्माजम्मी ४१ वर्ष मात्र बाँच्न पाउनु भयो। २०५० जेठ ३ गते चितवनको दासढुंगामा जीप दुर्घटना गराएर उहाँको हत्या गरियो। ४१ वर्ष मात्र बाँच्न पाउनु भएका जननेता मदन भण्डारीले नेपालको कम्युनिष्ट आन्दोलनमा अद्वितीय योगदान पु¥याउनु भएको छ।

जननेता मदन भण्डारीको योगदानलाई नेपालको कम्युनिष्ट आन्दोलनबाट अलग गर्ने हो भने आजको नेपालको कम्युनिष्ट आन्दोलन उग्र दक्षिणपन्थी र उग्रबामपन्थी अतिवादको सिकार बनेर उहिल्यै नष्ट भइसक्थ्यो भन्दा अतिसयुक्ति हुँदैन । नेपालको कम्युनिष्ट आन्दोलनमा जननेता मदन भण्डारीको योगदानलाई नेपाली कम्युनिष्टहरुले कहिल्यै भुल्न सक्दैनन् । जुन दिन मदन भण्डारीको योगदानको अवमूल्यन हुन्छ, त्यहीँबाट नेपालको कम्युनिष्ट आन्दोलन समाप्तिको दिशामा लाग्नेछ । आज कम्युनिष्ट आन्दोलनमा लागेका नयाँ पिँढीले मदन भण्डारीको खास योगदानका बारेमा जान्न अत्यन्तै जरुरी छ।

नेकपा (माले) को २०४६ भाद्रमा चौथो राष्ट्रिय महाधिवेशन हुँदा नेपालमा पञ्चायती कालरात्री थियो । राजनीतिक दलहरुमाथि प्रतिबन्ध थियो । धेरै नेता कार्यकर्ताहरुको हत्या भएको थियो, सैयौँ नेता कार्यकर्ता जेलमा थिए। विभिन्न कम्युनिष्ट पाटी र नेपाली कांग्रेसले पञ्चायती व्यवस्थाविरुद्ध आआफ्नै तरिकाले आन्दोलन गरिरहेका थिए तर आन्दोलन प्रभावकारी हुनसकेको थिएन । यस्तो अवस्थामा मदन भण्डारीले चौथो महाधिवेशनमार्फत पञ्चायती व्यवस्थाविरुद्ध संयुक्त आन्दोलनको कार्यनीति अघि सार्नुभयो। विभिन्न समूह बनाएर बसेका कम्युनिष्ट पार्टीहरुको संयुक्त वाममोर्चा निर्माण र नेपाली कांग्रेससँग छलफल गरी संयुक्त आन्दोलनको योजना मदन भण्डारीकै नीति र नेतृत्वमा भएको थियो।

यही नीतिका आधारमा पञ्चायती व्यवस्थाका विरुद्धको आन्दोलन प्रभावकारी बन्दै जाँदा २०४६ चैत २६ गते पञ्चायती व्यवस्था विघटन भइ बहुदलीय व्यवस्था स्थापना भयो । बहुदलीय व्यवस्थालाई संस्थागत गर्न संविधान निर्माणका लागि राजा, कांग्रेस र वाममोर्चाका प्रतिनिधि सम्लित संविधान मस्यौदा आयोग बनाइयो । मस्यौदा आयोगमा त्रिपक्षीय संघर्ष भयो, आयोगले निकै मिहिनेतपूर्वक संविधानको मस्यौदा तयार ग¥यो । तर राजाले छुट्टै संविधानको मस्यौदा तयार गर्न लगाई त्यसैलाई घोषणा गर्ने प्रयत्न गरे, यस कार्यविरुद्ध मदन भण्डारीले कडा आवाज उठाउनु भयो । राजालाई श्रीपेच खोलेर मैदानमा आउन चुनौती दिनुभयो, यो चुनौतीले दरबारियाहरु केही पछि हटे र २०४७ कात्तिक २३ गते नयाँ संविधान जारी गरियो। यो संविधानमा नेकपा (माले) को तर्फबाट महासचिव मदन भण्डारीले २७ बुँदे असहमति राख्नु भयो । जसमा जनतालाई पूर्णरुपमा सार्वभौमसत्ता सम्पन्न बनाउन राजाका अधिकार कटौती गर्ने विषय मुख्य थिए। यो तथ्यबाट पुष्टि हुन्छ मदन भण्डारीको बिचार र नेतृत्वमा देशमा पञ्चायती व्यवस्था ढल्नुका साथै २०४७ को संविधानसमेत निर्माण भएको थियो।

मदन भण्डारीको नेतृत्व र पहलमा विभिन्न समूहमा रहेका कम्युनिष्ट पार्टीका बीचमा एकता गरी बलियो कम्युनिष्ट पार्टी निर्माण गर्ने सन्दर्भमा २०४७ पुस २२ गते नेकपा (माले) र नेकपा (माक्र्सवादी) का बीचमा पार्टी एकता गरि नेपाल कम्युनिष्ट पार्टी (एमाले) को निर्माण गरियो। पार्टी एकताको तीन महिनापछि २०४८ वैशाखमा आमनिर्वाचन भयो । निर्वाचनमा मदन भण्डारीले नेपाली कांग्रेसका सभापति एवम् प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईलाई पराजित गर्दै काठमाडौँका दुईवटा निर्वाचन क्षेत्रबाट अत्यधिक मतले विजयी हुनु भयो। पार्टीका प्रमुख नेताहरु प्रायः सबैले विजय हासिल गर्नु भयो। देशका २ सय ५ क्षेत्र मध्ये ६९ क्षेत्रमा विजय हासिल गरी नेकपा (एमाले) संसदको प्रमुख प्रतिपक्ष दल बन्यो । यसरी बहुदलीय व्यवस्था स्थापनापछि भएको पहिलो निर्वाचनमा मदन भण्डारीको नेतृतवमा नेकपा (एमाले) देशको सशक्त पार्टीका रुपमा स्थापित भयो।

मदन भण्डारी नेकपा (माले)को महासचिव बन्दा विश्व कम्युनिष्ट आन्दोलको तस्विर भयावह अबस्थामा थियो। २०४५ सम्म संसारको आधा भूगोलका ४० देशमा कम्युनिष्ट पार्टीको शासन सत्ता रहेको थियो। विश्वका मुख्य दुई ध्रुवमध्ये एउटा ध्रुवको नेतृत्व कम्युनिष्ट समाजवादी देश सोभियत संघले गरेको थियो। २०४६–४७ तिर आउंदा विश्व कम्युनिष्ट आन्दोलनमा निकै भयावह अवस्था सिर्जना भयो । सन् १९८९ नोभेम्बरमा पूर्वी जर्मनीमा रहेको कम्युनिष्ट शासन ढल्यो, त्यहाँ कम्युनिष्ट शासन मात्र ढलेन वर्लिनको पर्खाल नै ढालियो।

२६ डिसेम्बर १९९१ का दिन सोभियत संघ पनि विघटन गरियो। ७४ वर्ष चलेको सोभियत मोडेलको समाजवादी व्यवस्था मात्र ढलेको थिएन कम्युनिष्ट पार्टीको नेतृत्वमा निर्मित सोभियत सँघ नै विघटन भइ देश १५ टुक्रामा विभाजन भएको थियो । सँगै पूर्वी युरोपका प्रायः सबै देशका कम्युनिष्ट सरकारहरु एक पछि अर्को गर्दै ढलीरहेका थिए । अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलन एक प्रकारले दिशाविहीन अवस्थामा पुगेको थियो, धेरै देशका कम्युनिष्ट पार्टीले माक्र्सवादी दर्शन, सिद्धान्तमा नै खराबी रहेको भन्दै हसिया हथौडाको झण्डा च्यातेर आफूलाई बुर्जुवा पार्टीमा रुपान्तरण गरिरहेका थिए। बुर्जुवा थिंक ट्याङ्क मानिएका फुकुयामाहरुले इतिहासको अन्त्य भएको घोषणा गरिरहेका थिए र बुर्जुवा पुँजीवादीहरु खुसियाली मनाइरहेका थिए।

अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलन निकै रक्षात्मक अवस्थामा पुगेको र नेपालको कम्युनिष्ट आन्दोलनमा निकै ठूलो कार्यक्रमिक बिवाद भइरहेको समयमा नेकपा (एमाले) को पाँचौँ राष्ट्रिय महाधिवेशन २०४९ माघ १४ देखि २० सम्म काठमाडौँमा आयोजना गरियो । महाधिवेशनबाट मदन भण्डारीद्वारा प्रस्तुत नेपाली क्रान्तिको कार्यक्रम जनताको बहुदलीय जनवाद अत्यधिक मतका साथ अनुमोदन गरियो । पाँचौँ महाधिवेशन सम्पन्न भएको चार महिना नपुग्दै जननेता मदन भण्डारीको चितवनको दासढुंगामा जीप दुर्घटना गराई हत्या गरियो। देशव्यापीरुपमा सशक्त बन्दै गएको पार्टीमा एक्कासी नेतृत्व संकट उत्पन्न भयो। आज मदन भण्डारीको हत्या भएको ३३ वर्ष पुगिसकेको छ। यो ३३ वर्षमा मदन भण्डारीले प्रतिपादन गरेको जबजको बाटोबाट अगाडि बड्दै जाँदा पार्टीले निकै ठूला उपलब्धि हासिल गरेको थियो । जबजले नेपालको कम्युनिष्ट आन्दोलनमा महत्वपूर्ण मान्यता स्थापित गरेको छ । कोठा चोटा र जंगलमा सीमित कम्युनिष्ट आन्दोलनले सिंहदरबार र शितलनिवासबाट नेपालको राज्यसत्ताको नेतृत्व गरिसकेको छ।

आज ७५ औँ जन्मजयन्ती मनाइरहेको सन्दर्भमा नेपाली कम्युनिष्ट आन्दोलनमा मदन भण्डारीको योगदानलाई मुख्य दुई पाटोबाट विश्लेषण गर्न जरुरी छ। मदन भण्डारीको नेतृत्व, कार्यशैली र जबज यी दुई बिषय सबैभन्दा महत्वपूर्ण रहेका छन्। मदन भण्डारी २०४६ मा नेकपा (माले) को महासचिव बन्दा, पार्टीको संगठन देशव्यापी थिएन । नेकपा (माले) देशका केही जिल्लामा मात्र क्रियाशील थियो। मदन भण्डारीको नेतृत्वमा छोंटो सममै धेरै वामपन्थी कम्युनिष्ट पार्टीहरुसँग एकता गरेर नेकपा (एमाले) विशाल पार्टी बनेको थियो । मदन भण्डारीले आफ्नै नेतृत्वमा पार्टी एकता गर्दा एकतामा आएका नेतालाई आफू भन्दा माथि राखेर, यो पार्टी विशाल बनाउन योगदान गर्नु भएको थियो। मदन भण्डारीमा अरुका विचार सुन्ने, आफ्नो भन्दा राम्रो विचार भए त्यसलाई सजिलै ग्रहण गर्ने र गलत भए त्यस्तो विचार राख्ने नेतालाई आफ्नो विचारमा सहमत बनाउन सक्ने क्षमता थियो। त्यसताका पार्टीमा निकै ठूलो वैचारिक विवाद थियो। पार्टीमा अनेक प्रकारका स्कुलबाट आएका नेताहरुका आआफ्नै विचार थिए।

अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनमा भिषण वैचारिक अन्योलता उत्पन्न भएको थियो । जसको स्वाभाविक प्रभाव पार्टीमा हुने नै भइहाल्यो। त्यस्तो कठिन अवस्थामा सबै प्रकारका विचार राख्ने कम्युनिष्ट समूह र नेताहरुलाई वैचारिक र सांगठानिक रुपमा एकताबद्ध बनाएर मदन भण्डारीले कुशल नेतृत्व प्रदान गर्नु भएको थियो। पार्टीमा वर्गीय क्रान्तिकारी कमरेडली भावना थियो। जुन भावनाका कारण जस्तासुकै कठिनाइ आए पनि सजिलै सामना गर्ने हिम्मत पार्टीमा हुन्थ्यो। पार्टी राजकीय सत्तामा नपुगेको हुँदा आजको जस्तो अन्तरपार्टी बर्गअन्तर थिएन। नेतालाई अत्यन्तै आदर गरिन्थ्यो, जनताले पार्टी नेता–कार्यकर्तालाई अत्यन्तै माया गर्थे । त्यस समयमो पार्टीमा कडा अनुशासन र जनशैली स्थापित थियो। हरेक कमिटी चुस्तदुरुस्त थिए।

कुनै पनि विषयमा जनवादी छलफल गरेर निर्णय गरिन्थ्यो। सबै कमिटीमा आलोचना र आत्मआलोचनाको एजेण्डा प्रमुख बनाइन्थ्यो, कमिटीमा न कोही बा हुन्थे न दाइदिदी सबै कमरेड हुन्थे, समान भावनात्मक एकताका साथ आफ्ना जिम्मेवारी पूरा गर्न सिंगो पार्टी पङ्ति जुट्थ्यो, जनता–कार्यकर्ता–नेताका बीचमा नङ मासुको सम्बन्ध थियो। त्यसैले त ठूला सफल बलिदानीपूर्ण आन्दोलनहरु भएका थिए। आजको एमाले निर्माणमा मदन भण्डारीको नेतृत्वशैलीको सबै भन्दा ठूलो प्रभाव रहेको सबैले स्वीकार गरेको विषय हो तर आज एमाले तीनै समस्याले गुजुल्टिएको छ । आफूलाई कम्युनिष्ट मान्ने र कम्युनिष्ट आन्दोलनमा नै देश र जनताको भविष्य देख्ने आजका सबै कम्युनिष्टहरुले मदन भण्डारीको नेतृत्वकौशलबाट शिक्षा लिन र खासगरी नेतृत्वमा हुनेहरुले सबै भन्दा धेरै आत्मसात् गर्नु पर्ने देखिएको छ।

मदन भण्डारीको योगदनको सबै भन्दा महतवपूर्ण पक्ष त वैचारिक पक्ष हुँदै हो । जनताको बहुदलीय जनवादको वैचारिक सांगठानिक अभ्यास गलत हुँदा नै आजको कम्युनिष्ट आन्दोलनमा यति धेरै विसंगतिहरु आएका हुन्। मदन भण्डारीले जबज निर्माणमा सबै भन्दा महत्वपूर्ण स्रोत मानेको अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनको शिक्षालाई आजको नेतृत्वले फिटिक्कै आत्मसात गरेको देखिँदैन । संसारभरिका कम्युनिष्टहरुलाई बुर्जुवाहरुले एउटा आरोप लगाउने गर्दछन्, 'कम्युनिष्टहरु जनताको गरिबी बेचेर आफूले वैभवशाली सम्पन्नता हासिल गर्दछन् र आजीवन नेतृत्वमा बस्न चाहन्छन्।'

यो आरोपबाट मुक्त हुने कार्यशैली र जीवनशैली अवलम्बन नगर्दासम्म जबजवादी कम्युनिष्ट पार्टी बन्नै सक्दैन। यो आजका एमालेजनले सबैभन्दा धेरै आत्मसात् गर्नु पर्ने बिषय हो। कतिपय आफूलाई कम्युनिष्ट मान्नेहरुले जबजलाई सिद्धान्तका रुपमा मान्न असजिलो मानेको देखिन्छ । तर जबजले अगाडि सारेका सिद्धान्त र मान्यताहरुलाई नमानेर अबको कम्युनिष्ट आन्दोलन अगाडि बड्न सक्दैन । जबज नेपाली कम्युनिष्ट आन्दोलनको माक्र्सवादी मेथोडोलोजी हो । जसका स्टेपबाट नै लिक आउट भएको कम्युनिष्ट आन्दोलनलाई लिकमा ल्याएर जनवादी व्यवस्थाको चरणबद्ध विकास गर्दै वैज्ञानिक समाजवादको बाटोमा अघि बढ्न सकिन्छ। जन्मजयन्ती मनाइरहँदा सबै नेपाली कम्युष्टिहरुले मदन भण्डारीको नेतृत्वकौशलबाट शिक्षा लिँदै जबजको बाटोमा अघि बड्ने प्रण गरौँ। कम्युनिष्ट आन्दोलन फेरि उत्कर्षमा पुग्नेछ । जननेता मदन भण्डारीमा हार्दिक श्रद्धासुमन।

# मदन भण्डारी र जनताको बहुदलीय जनवाद



मदनकुमार भण्डारी (वि.सं. २००९–२०५०) नेपालका राजनीतिज्ञ तथा नेपाल कम्युनिष्ट पार्टी (एकीकृत माक्र्सवादी–लेनिनवादी) का नेता थिए । जनआन्दोलन २०४६ मा बाम मोर्चाबाट सकृय रहेका भण्डारीले नेपाल कम्युनिष्ट पार्टी (माक्र्सवादी–लेनिनवादी) र मनमोहन अधिकारीद्वारा नेतृत्व गरिएको नेपाल कम्युनिष्ट पार्टी (माक्र्सवादी) लाई एकीकरण गरी नेकपा (एमाले) गठन गर्न महत्त्वपूर्ण भूमिका खेलेका थिए। उनले प्रतिपादन गरेको बहुदलीय जनवादको नीति पछ्याउँदै नेकपा (एमाले) बहुलबादी राजनीतिमा अगाडि बढी आम निर्वाचन २०४८ मा भाग लिई देशको प्रमुख प्रतिपक्षको रूपमा स्थापित भएको थियो । लेनिनले सबैभन्दा पहिला संसारमा स्थापित गरेको सोभियत समाजवाद असफल भएर विश्व कम्यूनिष्ट आन्दोलनले गम्भीर धक्का खाएको बेलामा पनि माक्र्सवादको सिर्जनात्मक प्रयोग गर्दै नेपालमा जनताको बहुदलीय जनवादको सिद्धान्त प्रतिपादन गरे।

**सुरुवाती जीवनः**

मदनकुमार भण्डारीको जन्म २००९ साल असार १४ गते (जून २७, १९५२ मा) पूर्वाञ्चलको ताप्लेजुङ जिल्लाको ढुङ्गेसाँघुमा भएको हो । पिता देवीप्रसाद भण्डारी र माता चन्द्र कुमारीको माहिँला छोराको रूपमा ब्राह्मण परिवारमा भण्डारीको जन्म भयो । उनको प्रारम्भिक शिक्षा जन्मथलोबाटै सुरू भयो। विसं. २०१५ साल गाउँमै एउटा हिउँदे पाठशाला (जुन वर्षायाममा बन्द हुन्थ्यो)बाट औपचारिक शिक्षातर्फ प्रवेश गर्ने भण्डारी अप्ठेरा पाठहरू भए पनि दुईपटक आफ्नो कानमा परेपछि सधैँका लागि कण्ठ गर्नसक्ने र बाल्यकाल मै चण्डी कण्ठाग्र गर्ने गर्नाले उनी जिल्लाभर चर्चित भए, यद्यपि उनले अक्षरहरू चिनिसकेका थिएनन्। उनका बुबा गाउँका थराना गर्ने (गाउँलेहरूले दिएको सुब्बाको मान) पाएकाले माया पाए, दुःख भएन। हिलो धूलोमा पढ्न पनि परेन। विसं २०२३ मा गाउँमा उपलब्ध पढाई सके।

२०२४ सालमा उनको परिवार ताप्लेजुङबाट मोरङको इटहरामा सर्यो। उनी भारतको मथुरामा अध्ययन गर्न गए । दुई वर्ष मथुरामा बिताएपछि २०२८ मा देहरादुनबाट बनारस पुगेका भण्डारीले २०२३ सालमा बनारस विश्वविद्यालयबाट भाषा साहित्यमा स्नातकोत्तर गरे।

**राजनीतिक जीवनः**

२०२८ सालमा पुष्पलालसँगको भेटपछि उनी राजनीतिमा लागेका हुन्। २०२९ सालमा पुष्पलालको पार्टीले जनवादी सांस्कृतिक मोर्चाको निर्माण ग¥यो। त्यसको अध्यक्षमा युद्धप्रसाद मिश्र र महासचिव मोदनाथ प्रश्रित थिए भने भण्डारी केन्द्रीय सदस्य थिए । २०३० सालमा पार्टीको पूर्णकालीन कार्यकर्ता भए।

अन्याय सहन नसक्ने उहाँको आफ्नै खालको बिद्रोही स्वभाव, विषयवस्तुको उच्चतम् ज्ञानको आधार, साहित्य र सिर्जना मार्फत नविन चिन्तनको विकासले उनलाई बनारसमा सङ्गठित रूपमा क्रियाशील राजनीतिककर्मीहरूसँग नजीकिने वातावरण बनायो।

२०३३ सालमा मुक्तिमोर्चा समूहको निर्माण गरियो । त्यसको निर्माणमा सक्रिय रहेका नेताहरू पुष्पलालको पार्टीसँग विद्रोह गरी २०३४ सालमा नेकपा (माले)को स्थापना हुनुभन्दा पूर्वको 'को–अर्डिनेशन केन्द्र'मा आवद्ध भई 'मुक्तिमोर्चा समूह'लाई नै त्यसमा विलय गराइयो । २०३५ सालमा नेकपा (माले) स्थापना भयो र उनी केन्द्रीय सदस्य बने।

२०४१ साल वैशाखमा भण्डारी पार्टीको पोलिटब्युरो सदस्य र २०४६ सालमा नेकपा (एमाले)को चौथो महाधिवेशनमा महासचिव बने । २०४७ सालमा भूमिगत जीवनबाट बाहिर आई माले–माक्र्सवादी एकीकरणबाट उनी नेपाल कम्युनिष्ट पार्टी (एकिकृत माक्र्सवादी–लेनिनवादी)को महासचिव बने।

२०४८ सालको संसदीय निर्वाचनमा नेकाका तत्कालीन सभापति एवम् अन्तरिम प्रधामन्त्री कृष्णप्रसाद भट्टराईलाई परास्त गरी काठमाडौँ क्षेत्र नं १ बाट प्रतिनिधि सभा सदस्य निर्वाचित भए।

**व्यक्तिगत जीवनः**

उनको विवाह –२०३९ सालमा) विद्या पाण्डेसँग भयो। उनीहरूबाट उषाकिरण र निशाकुसुम नामका दुइटी छोरीहरू जन्मिए।

**मृत्युः**

बहुदलीय जनवादका ब्याख्याता भण्डारीको २०५० जेठ ३ गते चितवनको दासढुंगामा रहस्यमय दुर्घटनामा मृत्यु भएको थियो। जीवराज आश्रितको मृत अवस्थामै गाडीमै शव भेटिएको थियो भने मदन भण्डारीको घटनास्थलदेखि धेरै तल नारायणी नदी किनारमा तीन दिनपछि शव भेटिएको थियो । यो घटनाको छानबिन गर्न धेरै आयोग बने पनि तिनले पनि वास्तविकता बाहिर ल्याउन सकेनन् । यसै रहस्यमय दुर्घटनामा आधारित भएर चलचित्र निर्देशक मनोज पण्डितले 'दासढुंगा' चलचित्र निर्देशन गरेका छन्। (विकिपिडिया)

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ।

# चितवनका तीन सांसद रास्वपाका केन्द्रीय पदाधिकारी

**चितवन ।**
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को प्रथम महाधिवेशनबाट चितवनका तीन प्रतिनिधिसभा सदस्यहरू पदाधिकारीमा निर्वाचित भएका छन् । चितवन क्षेत्र नं २ का प्रतिनिधिसभा सदस्य रवि लामिछाने पार्टी सभापतिमा निर्विरोध निर्वाचित भए । क्षेत्र नं ३ का सोविता गौतम उपसभापति र क्षेत्र नं १ का सांसद हरि ढकाल सहमहामन्त्रीमा निर्वाचित भएका छन् ।

पार्टीका जिल्ला सचिव तेजेन्द्र पौडेलका अनुसार तनहुँबाट निर्वाचित पार्टी उपसभापति डा.स्वर्णीम वाग्लेको घर पूर्वी चितवनमा छ । रत्ननगर नगरपालिका वडा नं १४ पिठुवामा रहेको घरमा वाग्लेका बुबा आमा बस्दै आएका छन् । त्यस्तै समानुपातिक सांसद प्रभा ढकाल र समिना मिया केन्द्रीय सदस्यमा निर्वाचित भएका छन् ।

जिल्लाकै नेताहरू प्रकृति ढकाल, सविना विक र आकांक्षा पोखरेल पनि केन्द्रीय सदस्यमा निर्वाचित भएका उनले जानकारी दिए । यस अघिका केन्द्रीय सदस्य राजन गौतमको नाम केन्द्रीय सदस्यका लागि चर्चामा रहे पनि आवास तथा खाना व्यवस्थापन समितिमा रहेकाले कार्यव्यस्तताका कारण उनले उम्मेदवारी दिएनन् ।

पौडेलले समग्र केन्द्रीय समितिमा जिल्लाका धेरै नेताहरूको प्रतिनिधित्व भएको बताए । उनले तीन वटै क्षेत्रका प्रतिनिधिसभा सदस्य पदाधिकारी हुनु जिल्लाका लागि गर्वको विषय भएको बताए । अब मनोनीत हुने ५१ जनाभित्र पनि चितवनका नेताहरू पर्ने आकलन गरिएको उनले बताए । हालै चितवनको भरतपुरमा सम्पन्न हाधिवेशनमा देशभरबाट झन्डै १० हजार प्रतिनिधि, पर्यवेक्षक र शुभेच्छुकहरू सहभागी भएका थिए । रासस

# प्रधानमन्त्रीले आफ्नो अभिव्यक्तिबारे संसदमा स्पष्ट पार्नुपर्ने विपक्षीको माग

**काठमाडौँ ।**
प्रमुख प्रतिपक्षी नेपाली कांग्रेससहित विपक्षी दलहरुले मुलुकको सीमा सम्बन्धमा प्रधानमन्त्री वालेन्द्र शाहले दिएको अभिव्यक्तिबारे सदनमै पुनः स्पष्ट पार्नुपर्ने माग गरेका छन् ।

सभाको आइतबारको बैठकको प्रारम्भमा विपक्षी दलका सांसद आफ्ना आसनबाट उठेपछि सभामुख डोलप्रसाद अर्यालले उनीहरुलाई आफ्ना धारणा सदनमा प्रस्तुत गर्न समय दिएको थियो ।

नेपाली कांग्रेसका रेनुका काउँचाले प्रधानमन्त्रीले संसद्मा स्पष्ट पार्नुपर्ने विषयहरु पार्टीको महाधिवेशनमा प्रस्तुत हुनुले सदनको गरिमा घटाएको आरोप लगाइन् ।



नेपाल कम्युनिष्ट पार्टी (एमाले)का डा पुष्पराज कँडेलले पनि प्रधानमन्त्री संसद्मा उपस्थित हुनुपर्नेमा जोड दिँदै सीमासम्बन्धी अभिव्यक्ति स्पष्ट पार्नुपर्ने बताए ।

उनले नेकपा (एमाले) का उपाध्यक्ष विष्णुप्रसाद पौडेललाई सरकारले पूर्वाग्रही भएर पक्राउ गरेको आरोप लगाए ।

नेपाली कम्युनिष्ट पार्टीका सांसद युवराज दुलालले सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई सुदृढीकरण गर्नेतर्फ सरकारका प्रयास परिलक्षित हुनुपर्नेमा जोड दिए ।

उनले प्रदेशसभा खारेज गरी सङ्घीयताको पुनःसंरचना गर्ने सत्तारुढ राष्ट्रिय स्वतन्त्र पार्टीको प्रस्तावप्रति विमति जनाए । श्रम संस्कृति पार्टीका आरेन राईले राष्ट्रियतासँग सम्बन्धित विषयमा प्रधानमन्त्रीले सदनमा उपस्थित भएर स्पष्ट पार्नुपर्ने माग गरे । रासस

# 'तल्लो तहका नागरिकलाई सघाउन शिक्षा र स्वास्थ्य कर'



**काठमाडौँ ।**
अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले शिक्षा र स्वास्थ्य क्षेत्रबाट सङ्कलन हुने कर तल्लो तहका नागरिक लाभान्वित हुने बताएका छन् ।

प्रतिनिधि सभाको आइतबारको बैठकमा 'आर्थिक विधेयक, २०८३' माथिको छलफलमा उठेका प्रश्नको जवाफ दिँदै उनले निजी विद्यालयका लागि समता शुल्कका रूपमा तीन प्रतिशत कर सङ्कलन सीमान्तकृत समुदायका बालबालिकाको शिक्षाको अधिकार सुनिश्चितता र सार्वजनिक शिक्षाको उन्नयनको लक्ष्य लिइएको स्पष्ट पारे ।

मन्त्री वाग्ले वार्षिक रु १० लाखसम्मको आम्दानीमा कर छुट गरिएको, पुँजीगत खर्च बढाउने सोच लिइएको र खर्च गर्ने क्षमता बढाएर आर्थिक क्षेत्रमा रूपान्तरण गरिने बताए ।

करको दायरामा सबैलाई ल्याउन सरकार प्रतिबद्ध रहेको स्पष्ट गर्दै उनले बजेटमा भएका व्यवस्थालाई पूरा गर्ने दृढता व्यक्त गरे ।

मन्त्री वाग्ले विदेशमा अध्ययन गर्न जाने विद्यार्थीका लागि मुद्रा सटहीमा लिइने तीन प्रतिशत शुल्क उचित नै भएको बताउँदै तोकिएका करहरू तिर्नैपर्ने बताए ।

उनले उद्योगी, व्यवसायीलाई निर्धक्क भएर लगानी र व्यवसाय गर्ने वातावरणका लागि सरकारले आवश्यक सहजीकरण गर्ने पनि बताए ।

सो विधेयकमाथि विभिन्न सात सांसदले संशोधन प्रस्ताव प्रस्तुत गर्नुभएको थियो भने छलफलमा नेकपा (एमाले) का यशुदाकुमारी बराल, राष्ट्रिय स्वतन्त्र पार्टीका आशिष गजुरेल र अरबिन्द साहले भाग लिएका थिए । उनीहरूले शिक्षा र स्वास्थ्यमा करको बोझ नथप्न तथा पुँजीगत खर्च बढाउन आग्रह गरेका थिए । रासस

# सार्वजनिक खरिद (दोस्रो संशोधन) विधेयक स्वीकृत

काठमाडौं ।
प्रतिनधि सभाको आइतबारको दोस्रो बैठकमा सार्वजनिक खरिद प्रणालीलाई अझ पारदर्शी र व्यवस्थित गर्न ल्याइएको 'सार्वजनिक खरिद (दोस्रो संशोधन) विधेयक, २०८३' विचार गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको छ ।

बैठकमा प्रधानमन्त्री वालेन्द्र शाहका तर्फबाट कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सोबिता गौतमले सो विधेयक विचार गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गरेकी थिइन् । छलफलमा उठेका प्रश्नको जवाफ दिँदै मन्त्री गौतमले जनतालाई शीघ्र परिणाम दिने लक्ष्यका साथ सार्वजनिक निकायबाट आह्वान हुने बोलपत्रलाई पारदर्शी र व्यवस्थित गर्न विधेयक ल्याइएको बताउँदै आयोजना समयमा सम्पन्न नगर्ने प्रवृत्तिलाई यसले निरुत्साहित गर्ने तर्क गरिन् ।

उनले पूर्वतयारीका साथ आयोजना सञ्चालन गर्ने, अति न्यून कबुल गर्न छुट दिँदा गुणस्तर खस्कने तथा समयमा आयोजना पूरा नहुने समस्या समाधान गर्न सहयोग हुने बताइन् । मन्त्री गौतमले आयोजनाका लागि निर्माण सामग्री नदिने, असहयोग र समन्वय नगर्ने निकाय र तहलाई कारबाही गर्ने व्यवस्था विधेयकमा गरिएको बताउँदै आयोजनाको जिम्मा लिएको पक्षले लिएको पेस्की रकम अन्यत्र प्रयोग गरेमा फौजदारी मुद्दामा कारबाही गरिने जनाइन् ।

छलफलमा सांसदहरू आशिष गजुरेल, युवराज दुलाल, बलावती शर्मा, विश्वराज पोखरेल, चन्द्रमोहन यादव, पारसमणि गेलालले भाग लिएका थिए । स्वीकृत लागत अनुमानभन्दा ३० प्रतिशत घटाएर बोलपत्र पेस गर्ने आवेदकलाई मूल्याङ्कनमा समावेश नगर्ने प्रस्तावको सांसदहरूले सराहना गरे । उनीहरूले बोलपत्रमा कबुल औसत अङ्क कायम गर्न र नेपाली निर्माण सामग्रीको प्रयोग, ठेक्का सकारेर बीचमा काम छाड्ने प्रवृत्ति अन्त्य हुनुपर्ने सुझाव दिएका थिए । केही सांसदले संसद् छलेर अध्यादेश जारी गरिएकामा त्यसप्रति विमति जनाएका थिए । रासस

# शिक्षालाई अनुसन्धान, नवप्रवर्तन र 'डिजिटल' प्रविधिसँग जोड्नुपर्नेमा उपराष्ट्रपतिको जोड

**काठमाडौँ ।**
उपराष्ट्रपति रामसहायप्रसाद यादवले शिक्षालाई अनुसन्धान, नवप्रवर्तन र 'डिजिटल' प्रविधिसँग जोड्नुपर्नेमा जोड दिएका छन् । मदन भण्डारी मेमोरियल कलेजको रजत महोत्सवका अवसरमा आइतबार आयोजित समारोहमा उनले कृत्रिम बौद्धिकता र आधुनिक प्रविधिलाई विद्यालयदेखि विश्वविद्यालयसम्मको शिक्षासँग जोड्नुपर्ने बताए ।

शिक्षा क्षेत्रमा नवप्रवर्तनको कमी रहेको उल्लेख गर्दै उनले डिजिटल शिक्षामार्फत त्यसको परिपूर्ति गर्नुपर्नेमा जोड दिए । शिक्षालाई अनुशासन, अनुसन्धान र नवप्रवर्तनसँग जोडेर अघि बढ्नुपर्ने उनको भनाइ थियो ।

शिक्षाले विनम्रता, अनुशासन र सामाजिक उत्तरदायित्वको भावना विकास गर्छ । बहुजातीय मुलुकमा शिक्षा नै सद्भावको आधार हो । राष्ट्र निर्माणमा शिक्षाले महत्वपूर्ण योगदान दिन सक्नुपर्छ । भविष्य निर्माणका लागि शिक्षा क्षेत्रमा सुधार आवश्यक छ । युवालाई स्वरोजगारतर्फ उन्मुख बनाउन शिक्षाले सहयोग गर्नुपर्छ । प्रमाणपत्र प्राप्तिमा मात्र सीमित नभई गुणस्तरीय शिक्षामा जोड दिनुपर्छ ।



शिक्षक राष्ट्र निर्माणका अभियन्ता हुन् र विश्वविद्यालयलाई अनुसन्धानको केन्द्रका रूपमा विकास गरिनुपर्छ, उपराष्ट्रपति यादवले भने ।

कलेज व्यवस्थापन समितिका अध्यक्ष महेन्द्रबहादुर पाण्डेले सहज र सुलभ रूपमा गुणस्तरीय शिक्षा प्रदान गर्ने आफ्नो अभियानलाई मदन भण्डारी मेमोरियल कलेजले निरन्तरता दिएको बताए । कलेजलाई आगामी दिनमा अझ उत्कृष्ट शैक्षिक संस्थाका रूपमा विकास गर्ने उनको प्रतिबद्धता थियो ।

त्रिभुवन विश्वविद्यालयका पूर्वउपकुलपति दीपक अर्यालले त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धनप्राप्त करिब ४५० सामुदायिक क्याम्पसमध्ये मदन भण्डारी मेमोरियल कलेजको स्थान उच्च दशमा उत्कृष्ट शैक्षिक प्रतिष्ठानमा रहेको बताए । क्याम्पस प्रमुख बाबुराम अधिकारीले कलेज स्थापनाकालदेखि हालसम्मका गतिविधिबारे जानकारी दिए । रासस

# प्रतिनिधिसभाबाट राष्ट्र ऋण उठाउने विधेयक पारित

**काठमाडौँ ।**
प्रतिनिधिसभाबाट राष्ट्र ऋण उठाउने विधेयक, २०८३ पारित भएको छ । सभाको आजको बैठकमा अर्थमन्त्री डा स्वर्णिम वाग्लेले राखेको सो 'विधेयकलाई पारित गरियोस्' भन्ने प्रस्ताव सर्वसम्मतिबाट पारित भएको हो ।

उक्त विधेयकमाथिको दफावार छलफमा उठेका प्रश्नको जवाफ दिँदै अर्थमन्त्री वाग्लेले ऋण लिएर उत्पादनमूलक आयोजनामा खर्च गरिने बताए ।

त्यसअघि बैठकमा सभामुख डोलप्रसाद अर्यालले विधेयकमाथि प्राप्त संशोधनलाई निर्णयार्थ प्रस्तुत गरेका थिए । सांसद परशुराम तामाङ र रेखाकुमारी यादवले राखे संशोधन प्रस्ताव बैठकले अस्वीकृत गरेको थियो भने सांसद हरिप्रसाद भुसालले आफ्नो संशोधन फिर्ता लिए । रासस

# प्रतिनिधिसभाः समसामयिक विषयमा सरकारको ध्यानाकर्षण

**काठमाडौँ ।**
प्रतिनिधिसभाको आइतबारको बैठकमा सांसदहरुले मुलुकको समसामयिक विषयमा सरकारको ध्यानाकर्षण गराउँदै कक्षा १२ को नतिजा प्रकाशनमा गम्भीर त्रुटि भएको आरोप लगाउँदै छानबिनको माग गरेका छन् । नेपाली कांग्रेसका गीता गुरुङले कक्षा १२ को परीक्षाफलमा त्रुटि भएको भनी विद्यार्थीबाट उठेका आवाजलाई सम्बोधन गरी छानबिन गर्नुपर्नेमा जोड दिँदै दोषीलाई कारबाही गर्न माग गरिन् ।

सोही पार्टीका प्रमिला गच्छदारले प्रभावित विद्यार्थीहरु आन्दोलित भइरहेको बताउँदै त्यसतर्फ सरकार गम्भीर हुनुपर्ने बताइन् । राष्ट्रिय स्वतन्त्र पार्टीका इन्दिरा रानामगरले झापाको विर्तामोड नगरपालिका–३ भएर बग्ने अदुवाखोला पुलमा टिप्परले ठक्कर दिई अनुकृति चापागाइँको मृत्यु भएको घटनाप्रति सरकारको ध्यानाकर्षण गराइन् । मृतकका परिवारलाई पीडकले धम्क्याएको घटनामा छानबिन गर्न उनले गृह प्रशासनसमक्ष अनुरो गरिन् ।



नेकपा (एमाले)का नीता घतानीले भविष्यमा सवारी चालकले लापरबाही ढङ्गले सवारी चलाउँदा हुनसक्ने घटना हुन नदिन कठोर कानुनी व्यवस्था आवश्यक भएको विचार व्यक्त गर्दै पीडित परिवारलाई उचित राहतको प्रबन्ध गर्न माग गरिन् । राष्ट्रिय स्वतन्त्र पार्टीका श्रद्धा कुँवरक्षेत्रीले विश्वकप फुटबल जारी रहँदा अखिल नेपाल फुटबल सङ्घ (एन्फा) फिफाबाट निलम्बनमा पर्नुले सम्पूर्ण नेपाली खेलाडी र खेलप्रेमी मर्माहत भएका तथा राष्ट्रको प्रतिष्ठामा आँच आएको बताइन् । राष्ट्रिय प्रजातन्त्र पार्टीका ज्ञानबहादुर शाहीले ट्राफिक नियम उल्लङ्घन गर्ने सवारी चालकबाट धेरै रकम जरिवाना गरेर सडक दुर्घटना नघट्ने जनाउँदै सडक पूर्वाधार निर्माणमा ध्यान दिन आग्रह गरे । नेकपा (एमाले) का डा अर्जुन कार्कीले सङ्खुवासभामा निर्माणाधीन प्रसारण लाइनको कामलाई रोकिन नहुने माग गरे । सोही पार्टीकी अम्बिकादेवी सङ्ग्रौलाले बिपी राजमार्गअन्तर्गत रोशीखोलाले कटान गरेको सडक खण्ड तत्काल पुनः निर्माण गर्नुपर्नेमा जोड दिइन् ।

रास्वपाका मोहनलाल आचार्यले पूर्व–पश्चिम राजमार्गअन्तर्गत बुटवल–गोरुसिङ्गे सडकका खाल्डा तत्काल पुर्न प्रमुख जिल्ला अधिकारीमार्फत आयोजना प्रमुखलाई निर्देशन दिइए पनि त्यो कार्यान्वयन नभएको दुखेसो गरे । सोही पार्टीका केपी खनालले कैलालीको लम्कीचुँहा अस्पताल सञ्चालनका लागि प्रदेश सरकार गम्भीर नभएको आरोप लगाए । नेपाली कम्युनिष्ट पार्टीका सांसद बलावती शर्माले सुकुमवासी तथा भूमिहीन नागरिकका समस्या तत्काल समाधान गर्न र प्रदेशसभा खारेजी तथा स्थानीय तहको सङ्ख्या कटौती गर्न नहुने बताइन् । नेपाली कांग्रेसका प्रकाशसिंह कार्कीले सोलुखुम्बुको थुलुङ दूधकोशी गाउँपालिका–३ का नारायणप्रसाद पराजुली आज करेन्ट लागेर गम्भीर दुर्घटना परेको जनाउँदै जलविद्युत् आयोजनाका तार असुरक्षित रुपमा नछाड्न सम्बन्धित निकायको ध्यानाकर्षण गराए । रासस

# सहकारी (पहिलो संशोधन) विधेयक स्वीकृत

**काठमाडौं ।**
प्रतिनिधि सभाको आईतबारको दोस्रो बैठकमा 'सहकारी (पहिलो संशोधन) विधेयक, २०८३' लाई विचार गरियोस् भन्ने बहुमतले स्वीकृत भएको छ । अध्यादेशलाई प्रतिस्थापन गर्न ल्याइएको सो विधेयकमाथिको सैद्धान्तिक छलफलपछि निर्णयार्थ पेस गर्दा स्वीकृत भएको हो ।

सो विधेयकमाथि संशोधन गर्न चाहने सांसदका लागि सङ्घीय संसद्को विधेयक शाखामा प्रस्ताव पेस गर्न आग्रह गरिएको छ । भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री प्रतिभा रावलले सो विधेयक विचार गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गरेकी थिइन् । छलफलमा उठेका प्रश्नमाथि जवाफ दिँदै मन्त्री रावलले सहकारी क्षेत्रलाई व्यवस्थित र प्रभावकारी बनाउँदै सहकारीबाट पीडितको रकम फिर्ता गराउन विधेयक ल्याइएको बताइन् ।

उनले सहकारी समस्यालाई वास्तविक रूपमै समाधान गर्न सरकार कटिबद्ध भएको बताउँदै विगतकै सरकारको योजनाअनुसार चक्रीय राहत कोष खडा गरिएको जानकारी दिइन् ।

छलफलमा सांसदहरू नरेन्द्रकुमार केरूङ, अशोककुमार चौधरी, समीक्षा बास्कोटा, बासना थापा, गङ्गालक्ष्मी अवाल, खड्कबहादुर शाही, हरिमोहन भण्डारी, गणेशबहादुर विश्वकर्मा, वलावती शर्मा, बदनकुमार भण्डारी, साजिदा खातुन सिद्धिकीले भाग लिए ।

सांसदहरूले सहकारीलाई आर्थिक रूपान्तरणको खम्बाका रूपमा स्थापित गर्दै यसलाई व्यवस्थित र पारदर्शी गर्नुपर्ने बताए । उनहरूले सहकारी ठगीमा परेर दैनिक गुजारामा चल्नुपर्ने व्यक्तिहरू मारमा परिरहेका सन्दर्भमा पीडितहरूलाई राहत र क्षतिपूर्ति दिन कानुनी संशोधन आवश्यक भएकामा जोड दिए ।

सहकारी ठगी गर्ने जोसुकैलाई कानुनी कारबाही गर्न खुट्टा नकमाउन आग्रह गर्दै उनीहरूले चलिरहेको संसद् स्थगन गराएर अध्यादेशबाट विधेयक ल्याउने प्रवृत्ति अन्त्य गर्न पनि माग गरे । रासस

# सम्पत्ति शुद्धीकरण निवारण विधेयक स्वीकृत

**काठमाडौं ।**
प्रतिनिधिसभाको आइतबार बसेको दोस्रो बैठकले 'सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ) निवारण (तेस्रो संशोधन) विधेयक, २०८३' लाई विचारार्थ सर्वसम्मत रूपमा स्वीकृत गरेको छ ।

अध्यादेशलाई प्रतिस्थापन गर्न ल्याइएको उक्त विधेयकमाथि सैद्धान्तिक छलफलपछि निर्णयार्थ प्रस्तुत गर्दा प्रतिनिधिसभाले सर्वसम्मत रूपमा स्वीकृत गरेको हो । सभामुखले विधेयकमाथि संशोधन दर्ता गर्न चाहने सांसदलाई संघीय संसद् सचिवालयको विधेयक शाखामा प्रस्ताव पेस गर्न आग्रह गरेका छन् ।

अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले विधेयक विचार गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गरेका थिए ।

छलफलमा उठेका प्रश्नको जवाफ दिँदै अर्थमन्त्री वाग्लेले अन्तर्राष्ट्रिय समुदायले नेपालको सम्पत्ति शुद्धीकरणसम्बन्धी अवस्थालाई सूक्ष्म रूपमा अध्ययन गरिरहेको उल्लेख गर्दै नेपाललाई यस्तो 'कालो धब्बा'बाट मुक्त गराउन कानुनी संशोधन आवश्यक भएको बताए । उनले युरोपेली आयोगले नेपालको उड्डयन क्षेत्रलाई राखेको 'कालोसूची'बाट बाहिर ल्याउन सम्बन्धित निकायले काम गरिरहेको जानकारी दिँदै विद्यमान कानुन र नीतिको प्रभावकारी कार्यान्वयनमा सरकार प्रतिबद्ध रहेको बताए ।

साथै, राजनीतिक उद्देश्य राखेर छनोटमुखी शैलीमा कसैमाथि अनुसन्धान नगरिने पनि उनले स्पष्ट पारे । विधेयकमाथिको छलफलमा सांसद विश्वराज पोखरेल, विदुषी राणा, पारसमणि गेलाल, आरेन राई, चन्द्रमोहन यादव र गीता गुरुङले भाग लिएका थिए ।रासस

# कोरियाबाट फर्केर व्यावसायिक कृषि फार्म सञ्चालन



**पर्वत ।**
बिहादी गाउँपालिका–१ बाच्छाका ४० वर्षीय शिवकुमार क्षेत्रीले कोरियाबाट फर्केर व्यावसायिक कृषि फार्म सञ्चालन गर्दै आएका छन् । रोजगारीका लागि १२ वर्षसम्म साउदी–कोरिया बसेर फर्किएका उनले गाउँमा ६० लाख रुपैयाँ लगानी गरी कृषि कर्ममा जोडिएका छन् । आधुनिक कृषि प्रविधि अपनाउँदै क्षेत्रीले तरकारी, फलफूल तथा पशुपालन व्यवसाय सञ्चालन गरेका छन् । सुन्दर भविष्य निर्माण गर्ने आश बोकेर दैनिक हजारौँ युवा विदेश पलायन भइरहेको अवस्थामा उनी स्वदेशमा स्वरोजगार बन्ने बाटोमा लागेका छन् ।
सुरुमा सानो लगानीबाट थालेको व्यवसाय अहिले ६० लाख रुपैयाँ भन्दा बढीको लगानीमा विस्तार भइसकेको क्षेत्रीले जानकारी दिए । करिब ९० रोपनी क्षेत्रफलमा एसके कृषि फार्म दर्ता गरी व्यावसायिक तरकारी खेती, फलफूल बगैँचा तथा गाइभैँसीपालन गर्दै आएका छन् । फार्ममा आधुनिक सिँचाइ प्रणाली, टनेल खेती र कृषि उपकरणको प्रयोग गरिएको छ । उनले मौसमी तथा बेमौसमी तरकारी, आलु, काँक्रा, अदुवा, कागती, टमाटर खेती गरेका छन् ।
‘सुरुमा धेरैले कृषि गरेर केही हुँदैन विदेन नै गएको राम्रो भनेका थिए’, क्षेत्रीले भने, ‘तर मेहनत र सही योजना छनोट गर्न सकेमा यसैबाट प्रशस्त आम्दानी गर्न सकिँदो रहेछ । ’ उनले कृषि पेसाबाट सम्मानजनक जीवनयापन र प्रशस्त आम्दानी गर्न सकिने धारणा राखे । किसान क्षेत्रीले आफ्नो फार्मबाट वार्षिक लाखौँको तरकारी तथा भक्तपुरे जातको स्थानीय काँक्राको बीउ बिक्री हुने गरेको जानकारी दिए । हरेक वर्ष लगानी थप गर्दै आएकाले आम्दानी यकिन नभएको उनको भनाइ छ । उनले वार्षिक रूपमा करिब ५० लाखसम्मको कारोबार हुन गरेको बताए ।
किसान क्षेत्रीले आगामी वर्षदेखि आम्दानी बढ्दै जाने उल्लेख गर्दै कोरियाबाट फर्केर विहादीलाई कृषि उत्पादनको क्षेत्रमा ‘ब्रान्ड’ बनाउने योजना रहेको बताए । उनका अनुसार प्रत्यक्ष रूपमा पाँच जनाले रोजगारी पाएका छन् भने स्थानीय किसान पनि आधुनिक खेतीप्रति आकर्षित भएका छन् ।
किसान क्षेत्री अध्यक्ष रहेको बाच्छाको सिर्जनशील कृषक समूहले यस वर्ष एक हजार ४०० किलो काँक्राको बीउ उत्पादन गरेको छ । कृषक समूहमा ३२ जना सदस्य आबद्ध छन् ।
समूहका अध्यक्ष क्षेत्रीका अनुसार गत वर्ष उत्पादित बीउ जिल्लाभर प्रतिकिलो रु छ हजारका दरले बिक्री भएको जानकारी दिए । गत वर्षको दररेटअनुसार मूल्य आउँदा मात्रै पनि कृषक समूहबाट मात्रै उत्पादित काँक्राको बीउको मूल्य ८० लाख रुपैयाँभन्दा बढी रकम हुने उनले बताए । क्षेत्रीले ४५ रोपनी जग्गामा बीउ उत्पादनका लागि काँक्रा खेती गरेकामा ९० किलो बीउ उत्पादन हुने गरेको जानकारी दिए । आफ्नो पेसामा सन्तुष्ट रहेका उनले ग्रामीण क्षेत्रका किसानलाई बैङ्कहरूले ऋण नदिने गरेका भन्दै गुनासो गरे ।
‘सरकारले किसानलाई सहुलियत ब्याजदरमा कृषि ऋण दिनुपर्छ । कृषि विकास बैङ्कले ऋण दिन्छु भनेर अन्तिममा फार्म रहेको जग्गामा पक्की बाटो नपुगेको रहेछ । बाटो नपुगपछि धितो उपयुक्त नभएको भनी अन्तिममा ऋण दिएन । यसले व्यवसाय विस्तारमा समस्या भयो ।
यस्तो समस्या हुन नदिन स्थानीय निकायले विशेष पहल गर्नुपर्छ’, किसान क्षेत्रीले भने । आगामी दिनमा लोकल कुखुरा र हाँसपालन गर्ने योजना रहेको उनले बताए ।
‘कृषिमा अझै धेरै सम्भावना छन्’, क्षेत्रीले भने, ‘युवाले विदेशमा भन्दा गाउँमै अवसर खोज्नुपर्छ ।’ पर्याप्त मात्रामा उत्पादन गर्ने हो भने बजार र मूल्यको अभाव नहुने उनको अनुभव छ । विहादी गाउँपालिकाका कृषि शाखाका प्राविधिक जीवन शाहीले कृषक क्षेत्रीको सफलताले गाउँका अन्य युवालाई कृषि पेसातर्फ आकर्षित गरेको बताए । गाउँको उर्वर भूमि र आधुनिक सोचको संयोजनले कृषि क्षेत्रलाई आत्मनिर्भर र व्यावसायिक बनाउने उनले विश्वास व्यक्त गरे ।
जिल्लास्थित कृषि विकास कार्यालयका प्रमुख गोपाल लामिछानेले लोकमार्ग केन्द्रित कृषि उत्पादन तथा प्रवद्र्धन कार्यक्रमअन्तर्गत क्षेत्रीलाई यस वर्ष एक लाख ५५ हजार रुपैयाँ अनुदान प्रदान गरिएको जानकारी दिए । उनले युवा व्यावसायिक कृषि क्षेत्रमा आकर्षित हुन थालेका बताउँदै राज्यले पनि उनीहरूलाई प्रोत्साहन गर्ने नीति लिएको उल्लेख गरे । आधुनिक प्रविधिको प्रयोग, बजार पहुँच र सरकारी सहुलियतले कृषि व्यवसायलाई थप सम्भावना बोकेको क्षेत्र बनाएको उनको भनाइ छ । रासस

# कोशी प्रदेशलाई निको कप महिला टी–ट्वान्टी क्रिकेट प्रतियोगिताको उपाधि



**जनकपुरधाम ।**
मधेस प्रदेशमा जारी निको कप महिला टि–ट्वान्टी राष्ट्रिय क्रिकेट प्रतियोगिताको उपाधि कोशी प्रदेशले हात पारेको छ । पर्साको वीरगञ्जस्थित टिवी शाह क्रिकेट ग्राउण्डमा आईतबार सम्पन्न फाइनलमा नेपाल एपीएफ क्लबलाई ११ रनले पराजित गर्दै कोशी प्रदेशले उपाधि हात पारेको हो ।
टस जितेर एपिएफ क्लबले फिल्डिङ रोजेपछि ब्याटिङको निम्तो पाएको कोशी प्रदेशले निर्धारित २० ओभरमा चार विकेट गुमाएर ९८ रनको योगफल खडा गरेको थियो । कोशीका लागि कोशीका काजल श्रेष्ठले अविजित ३८ रन, प्रिन्सा राना मगरले अविजित १६ रन, कप्तान रुवीना क्षेत्रीले १२ रन र लकिता राजवंशीले १० रनको योगदान दिइन् ।
एपिएफका सुमन विष्ट, सवनम राई, कविता जोशी र कप्तान सीता रानामगरले एक÷एक विकेट हात पारे । ९९ रनको विजयी लक्ष्य लिई मैदान उत्रेको एपिएफ क्लब १९ दशमलव ५ ओभरमा सबै विकेट गुमाएर ८७ रन मात्र जोड्न सक्यो । एपिएफ क्लबका कविता जोशीले १४ तथा रेवती धामीले १२ रन बनाउनुबाहेक अन्य कुनै पनि ब्याटरले दोहोरो अङ्क जोड्न सकेनन् । फाइनल खेलको म्यान अफ द म्याच कोशी प्रदेशका काजल श्रेष्ठ घोषित भइन् ।
श्रेष्ठ प्रतियोगिताको प्लेयर अफ द सिरिज घोषित हुँदा बागमती प्रदेशका कृष्णा गुरुङ बेस्ट बलर र बागमती प्रदेशकै सोनी पाख्रिन वेष्ट ब्याटर घोषित भएका छन् । मधेस प्रदेश सरकारको खेलकुद तथा समाज कल्याण मन्त्रालय, मधेस खेलकुद परिषद् तथा नेपाल खेलकुद महासङ्घको संयोजना सम्पन्न प्रतियोगितामा सात वटा प्रदेश र विभागीय टिम एपिएफ टिम गरी आठ टिमको सहभागिता थियो । रासस

# कोरियाली प्रायद्वीपलाई आणविक हतियार मुक्त बनाउन दक्षिण कोरिया र जापानको पुनः प्रतिबद्धता

**सियोल ।**
दक्षिण कोरिया र जापानका रक्षामन्त्रीहरूले आइतबार कोरियाली प्रायद्वीपलाई आणविक हतियारमुक्त बनाउने आफ्नो देशको प्रतिबद्धतालाई पुनः दोहो¥याएका छन् । उत्तर कोरियाले आफ्नो आणविक हतियार भण्डार विस्तार गर्ने बारम्बारको घोषणाका बाबजुद उनीहरूको यो भनाइ आएको हो ।
दक्षिण कोरियाली रक्षामन्त्री आजल ग्यू ब्याकले सियोलमा जापानी समकक्षी सिनजिरो कोइजुमीबिच यो बैठक उत्तर कोरियाली नेता किम जोङ उनले आफ्नो देशको रक्षा क्षमता मजबुत बनाउने, नौसेनालाई आणविक हतियारले सुसज्जित गर्ने र मिसाइल परीक्षणलाई तीव्रता दिने प्रतिज्ञा गरेपछि भएको हो ।
दुई दिने भ्रमणमा रहेका कोइजुमीसँगको बैठकमा दुवैले रक्षा सहकार्यलाई थप गहिरो बनाउने उपायहरू खोज्ने सहमति गरेका छन् । सियोल र टोकियो दुवै वाशिङ्गटनका सुरक्षा सहयोगी हुन्,



तर दुई देशका सेनाबिचको सहकार्य २० औं शताब्दीको सुरुमा जापानको उपनिवेशकालीन शासनबाट उत्पन्न ऐतिहासिक तनावका कारण हुन सकेको छैन ।
दुवै पक्षले ‘कोरियाली प्रायद्वीपको पूर्ण आणविक निरस्त्रीकरण र स्थायी शान्ति स्थापना गर्ने प्रतिबद्धता दोहोर्याएका छन् र दक्षिण कोरिया–जापान द्विपक्षीय सहकार्यका साथै दक्षिण कोरिया–जापान–अमेरिका त्रिपक्षीय सहकार्यलाई निरन्तरता दिने सहमति गरेका छन्,’ दक्षिण कोरियाको रक्षा मन्त्रालयले द्विपक्षीय बैठकपछि जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।
यो बैठक दुई देशबिच ९ वर्षपछि पहिलो पटक संयुक्त समुद्री खोज तथा उद्धार अभ्यास भएको केही हप्तापछि भएको हो, जसलाई रक्षा सहकार्यलाई नजिक ल्याउने अर्को कदमको रूपमा हेरिएको छ । यद्यपि दुवै रक्षामन्त्रीहरूले प्रायद्वीपलाई आणविक हतियारमुक्त बनाउने प्रतिबद्धता दोहो¥याएका छन्, तर प्योङयाङले हालै मात्र आफ्नो आणविक भण्डार कायम राख्ने र विस्तार गर्ने प्रतिज्ञा गरेको छ ।
उत्तर कोरियाली नेता किम जोङ उनले यो महिनाको सुरुतिर दक्षिण कोरिया र अमेरिकाको सैन्य आधुनिकीकरण प्रयासले क्षेत्रलाई ‘आणविक युद्धको किनारमा’ पुर्याएको भन्दै आफ्नो देशको रक्षा क्षमता बढाउने घोषणा गरेका थिए ।
उनले आफ्नो नौसेनालाई आणविक हतियारले सुसज्जित गर्ने र ठूला युद्धपोत निर्माण गर्ने पनि प्रतिज्ञा गरेका छन् । सन् २०१९ मा किम जोङ उन र अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पबिच हनोईमा भएको शिखर सम्मेलन आणविक निशस्त्रीकरण र प्रतिबन्ध हटाउने विषयमा असफल भएपछि उत्तर कोरियाले आफूलाई ‘अपरिवर्तनीय’ आणविक शक्ति भएको घोषणा गर्दै आएको छ ।
कोरियाली युद्ध शान्ति सन्धि होइन, युद्धविराम सम्झौतामा समाप्त भएकोले उत्तर कोरिया र दक्षिण कोरिया अझै पनि प्राविधिक रूपमा युद्धकै अवस्थामा छन् । रासस

# भेनेजुएलामा भूकम्पबाट एक हजार ४०० जनाको मृत्यु, ५० हजारभन्दा बेपत्ता



**भेनेजुएला ।**
शक्तिशाली भूकम्प गएको तीन दिनभन्दा बढी समय बितिसक्दा पनि उद्धारकर्मीहरूले शनिबार भग्नावशेषमा बाँचेकाहरूको खोजी गर्न दौडधुप गरिरहेका छन् ।
शनिबार राति एक ११ बर्षीय बालकलाई सकुशल उद्धार गरिएको छ । आइतबार यो समाचार तयार पार्दासम्म मृतक सङ्ख्या एक हजार ४३० पुगेको पुष्टि भएको छ । समय बित्दै जाँदा भग्नावशेषमा पुरिएका व्यक्तिलाई जीवित अवस्थामा भेट्ने सम्भावना क्षीण बन्दै गएको छ ।
भूकम्पका कारण हजारौँ मानिस बेपत्ता भएका छन् भने ठूलो संख्यामा घाइते भएका रिपोर्ट प्राप्त भएका छन् । पहिल्यै आर्थिक सङ्कट र राजनीतिक अस्थिरताबाट गुज्रिरहेको भेनेजुयलामा भूकम्पको क्षतिका कारण थप सङ्कट आएको छ । जनवरीमा अमेरिकी विशेष बलले तत्कालीन नेता निकोलस मादुरोलाई पक्राउ गरेको थियो ।
लाखौँ मानिसहरूलाई सरसफाइ र अन्य आधारभूत आवश्यकताहरूको अभाव भएको डर छ । विशेषज्ञहरूका अनुसार प्राकृतिक विपत्तिपछि पहिलो ७२ घण्टा बाँचेकाहरू फेला पार्ने महत्वपूर्ण समय हो । त्यसपछि खोजी शव निकाल्ने कार्यमा परिणत हुन्छ ।
नाम दिन नचाहने एक साल्भाडोरका उद्धारकर्मीले भने, ‘यो अवस्थामा उनीहरू (बेपत्ता मानिस) जीवित पाउने सम्भावना कम रहन्छ । भगवानको कृपाले केही जीवित मानिसहरू फेला परेमा यो ठूलो चमत्कार हो ।’ देशको उत्तरमा रहेको काराबालेडा शहरमा शनिबार साँझ भग्नावशेषबाट ११ वर्षीय बालकलाई उद्धार गरिएको अन्तरिम नेता डेल्सी रोड्रिगेजले बताएका छन् । ‘भेनेजुएलाका लागि हरेक जीवन आशाको स्रोत हो,’उनले उद्धारको भिडियोसहित एक्समा गरेको पोस्टमा लेखेका छन् ।
स्थानीय अधिकारीहरूको प्रतिक्रियाप्रति सार्वजनिक आक्रोश बढिरहेको बेला, अमेरिका समर्थित रोड्रिगेजले सहायताको लागि अन्य देशहरूलाई धन्यवाद दिएका छन् । संयुक्त राज्य अमेरिकाले सिमोन बोलीभर अन्तर्राष्ट्रिय विमानस्थलको एउटा रनवे आंशिक रूपमा सञ्चालनमा रहेको र त्यहाँ सी–१७ अमेरिकी सैन्य विमानहरू अवतरण गर्न सक्ने बताएको छ । यसका साथै एउटा नौसेना जहाज तटमा पुगिसकेको छ ।
बुधबारका दुई भूकम्पमा भत्किएका भवनहरूबाट बाँचेका मानिसहरूको खोजीमा स्थानीय बासिन्दाहरूले मेसिनहरूको अभावमा हातले नै भग्नावशेष हटाउने प्रयास गरिरहेका छन् । ‘यो अत्यन्तै अराजक, गर्मी र अव्यवस्थित छ,’ मियामीबाट एक्लै ला गुआइरा आएका ४३ वर्षीय अष्ट्रेलियन अग्नि नियन्त्रक क्रेग डेमिलोनले भने, ‘आशा छ, अझै पनि धेरै मानिसहरू फेला पार्न सकिनेछ ।’ संयुक्त राष्ट्रसङ्घका सहायता प्रमुख टम फ्लेचरले शुक्रबार एएफपीसँग भने, ‘अहिलेसम्मको अनुमान अनुसार ५० हजारभन्दा बढी मानिस बेपत्ता रहेका छन् ।’ रासस

# विविधिकृत खेतीतर्फ किसानको आकर्षण

**नवलपुर ।**
नवलपरासी (बर्दघाट–सुस्तापूर्व)को बुलिङटारका किसानहरू विविधिकृत खेतीतर्फ आकर्षित भएका छन् । यहाँका किसानले मुख्यबालीका रूपमा अदुवा, बेसार लगाएका छन् भने सहायक बालीका रूपमा चिप्लीभिन्डी र मकैबाली लगाएर आम्दानी गर्दैछन् ।
‘बुलिङटार–१ ढाडबेँसीका किसान टकबहादुर खण्डलुकले चार रोपनी क्षेत्रफलमा बेसारखेती गरेको छ । मैले बेसारखेतीसँगै बारीमा भिन्डी र मकैखेतीसमेत गरेको छु’, उनले भने, ‘जसले गर्दा मलाई थोरै जमिनमा पनि धेरै उत्पादन गर्न सहयोग पुगेको छ । उनले तरकारीका रूपमा भिन्डी बजारमा बिक्री हुने र मकै बुङ्गुरको लागि दाना बन्ने गरेको बताएका छन् । हामीले पहिलेपहिले एक ठाउँमा एउटामात्रै खेती गर्ने गरेका थियौँ, जसबाट धेरै आम्दानी गर्न सकिँदैनथ्यो, उनले भने,अहिले त बाली विविधिकृत खेतीका कारण एकसाथ धेरै प्रकारका खेती गरेर आम्दानी गर्न सफल भएका छौँ ।
डाढबेँसी पहाडी क्षेत्र भएकाले यहाँ अदुवा र बेसार राम्रो उत्पादन हुने उल्लेख गर्दै बेसार मानाको रु १०० मा बिक्री हुने गरेको बताए । त्यस्तै, अदुवा पनि सिजनमा रु ६० मा बिक्री हुने गरेको भन्दै उनले वैशाखदेखि असोजसम्म अदुवाको राम्रो मूल्य पर्ने



बताएका छन् । यहाँका किसानले व्यक्तिगत रूपमा विविधिकृत खेतीसँगै सामूहिक रूपमा समेत खेती गर्दै आएका छन् ।
मङ्गलादेवी कृषक समूहकी सदस्य लक्ष्मी श्रेष्ठले सामूहिक रूपमा १० रोपनी क्षेत्रफलमा अदुवा र बेसार लगाएको बताएका छन् । हामी १५ जना मिलेर पाखो बारीमा सामूहिक खेती गरेका छौँ, उनले भने, हामीले मुख्य बालीका रूपमा अदुवा र बेसार लगाएका छौँ भने सहायक बालीका रूपमा मकै र भिन्डी लगाएका छौँ ।
समूहमा मिलेर काम गर्दा काम गर्न सहज र छिटो भएको उल्लेख गर्दै उनले सामूहिकताको भावनासमेत वृद्धि भएको बताएका छन् । सामूहिक खेतीबाट उत्पादनमात्रै बढेको छैन, हामीमा नेतृत्व सीपसमेत बढेको छ, उनले भने, समूहमा मिलेर काम गर्न पनि सिकेका छौँ ।’ किसानले लगाएको सामूहिक र विविधिकृत खेती गर्दा स्थानीय प्रजातिका बालीहरू लगाउँदै आएको उनले बताएका छन् ।
डाढबेँसीका किसानहरू अहिले अदुवाको बूढी (रोपेको अदुवा उम्रिएपछि जमिनमुनिबाट निकालिने पुरानो अदुवा/बीउ अदुवा) निकाल्न व्यस्त छन् । अकलादेवी कृषक समूहकी उपाध्यक्ष मैना विकले अदुवाको बूढी निकालेर बिक्री गर्दा यसबाट मनग्य आम्दानी हुने गरेको बताएका छन् । पहिला हामीले अदुवा लगाएर यत्तिकै छाड्ने गरेका थियौँ, बूढी माटोमा कुहिएर सकिन्थ्यो, उनले भने, हामीले बाली विविधिकृतबारे तालिम लिएपछि बूढी अदुवा निकालेर बिक्री गर्दै आम्दानी गर्न थालेका छौँ ।
उनको समूहले पनि पाँच रोपनी क्षेत्रफलमा अदुवा र बेसारखेती गरेको छ । अहिले अदुवा र बेसार गोडमेलको बेला भएको छ, उनले भने, गोडमेलसँगै अदुवाको बूढी पनि निकालेर भण्डारण गर्दैछौँ । बाली विविधिकृत खेती सुरु गरेपछि यहाँका किसानहरूको जीवनस्तरमा सुधार आएको विकले बताउनुभयो । “पहिला खेती गर्दा हामीलाई घरमै खान मुस्किल हुने गरेको थियो, उनले भने, अहिले त अदुवा र बेसार बारीमा मकै र भिन्डीबाट अतिरिक्त आम्दानी पनि गर्न सफल भएका छौँ ।
बुलिङटार गाउँपालिकाकी पूर्वउपाध्यक्षसमेत रहनुभएकी विकले विविधिकृत खेतीका लागि पालिका र कारितास नेपालले सहयोग गरेको बताएका छन् । ‘हामीले स्थानीय तर उन्नत जातका बीउहरू पाएका छौँ’, उनले भने, ‘यो सँगै कृषि प्राविधिकहरू बारीमै आएर खेती हेर्ने तथा हामीलाई प्राविधिक विषयमा सहजीकरण गर्दै आएको छ’ । यहाँका किसाले अहिले अदुवा र बेसारसँगै जीविकोपार्जनका लागि मुसुरो, केराउ, गहत, बोडी, सिमी, काउली, भिन्डी, करेला, काँक्रा, फर्सीलगायतका खाद्यान्न लगाउन थालेका विकको भनाइ छ । रासस

# कर्णाली नदीमा झुलुङ्गे पुल बनेपछि आन्तरिक पर्यटकको घुइँचो



**कैलाली ।**
कैलालीको टीकापुर नगरपालिका र बर्दियाको राजापुर नगरपालिका जोड्ने दौलतपुरस्थित कर्णाली नदीमा झुलुङ्गे पुल निर्माण भएपछि आन्तरिक पर्यटकको घुइँचो बढेको छ ।
केही दिनअगाडि मात्रै पुलको काम सम्पन्न भएर आवागमन सञ्चालन भएपछि कर्णाली नदी, आसपासका फाँटको सुन्दरता अवलोकन गर्न तथा गर्मी छल्न आउने आन्तरिक पर्यटकको घुइँचो बढेको हो ।
'गर्मी बढी छ, साँझको समयमा शीतलताका लागि पुलको अवलोकन गर्न जान्छौँ' टीकापुर–५ का किरण चौधरीले भने, 'यहाँ सोचेभन्दा बढीको संख्यामा आगन्तुकको घुइँचो हुँदोरहेछ ।'
पुलमा तस्बिर लिन तथा श्रव्यदृश्य सामग्री बनाउनेलाई व्यावसायिक फोटोग्राफरका रूपमा सेवा दिँदै आइएको उनले बताए । 'पहिले टीकापुर पार्क, बर्दियाको इन्टेक क्षेत्रमा फोटोग्राफीको काम गर्दै आएका थियौँ' बर्दियाका राजेश चौधरीले भने, 'केही दिनदेखि यहाँ पुल अवलोकन गर्न आउने पर्यटकको आगमन बढेसँगै प्रशस्त आम्दानी पनि भइरहेको छ, अन्यत्र जानु परेको छैन ।'
पुल बनेपछि आन्तरिक पर्यटकका लागि मात्रै नभई कैलालीको टीकापुर र बर्दियाको राजापुरसँगको दुरी नजिकिएको छ । पुल बनेपछि करिब २४ किलोमिटरको दुरी १५ किमीमा छोटिएको छ भने डुङ्गामा जोखिमपूर्ण यात्रा गर्नुपर्ने बाध्यता सधैंका लागि हटेको छ ।
'दुई जिल्लाको पर्यटकीय सम्भावनालाई जोड्नुका साथै स्थानीय नागरिकलाई आवागमनमा सहजता भएको छ,' स्थानीय प्रेमप्रसाद भण्डारी भने, 'पुलसँग नजिकै रहेको टीकापुर पार्कमा पनि आन्तरिक पर्यटकको संख्या वृद्धि हुने अपेक्षा छ । यसले पर्यटन प्रवद्र्धन हुनुका साथै स्थानीयको आयआर्जन वृद्धि हुने अपेक्षा छ ।' उनले पर्यटन प्रवद्र्धनसँगै टीकापुर र राजापुर क्षेत्रका नागरिकको दैनिक जीवन सहज हुने विश्वास व्यक्त गरे ।
विसं २०८४ असार ११ गतेसम्म समय पाएको थानी निर्माण सेवाले एक वर्षमा काम सम्पन्न गरेको जनाएको छ ।
विसं २०८२ असार ११ गते सम्झौता भएको आयोजनाको काम सम्पन्न भई पुल सञ्चालन भएको निर्माण कम्पनीका प्रबन्धक विक्रम बस्नेतले जानकारी दिए । 'पुलको काम सम्पन्न गरेर आवागमन सञ्चालन भइसकेको छ' उनले भने, 'अब हस्तान्तरणको तयारी पनि हुँदैछ ।'
यही असार १२ गते पुल उद्घाटन गर्ने तयारी भएकामा विविध कारणले रोकिएको थियो । करिब १५ करोड ७३ लाख ९५ हजार ५ सय २८ रुपैयाँको लागतमा बनेको पुलको लम्बाइ ४ सय ८२ मिटर रहेको कम्पनीका प्रबन्धक बस्नेतले जानकारी दिए ।
'आवतजावतको सहजतमा मात्रै नभई कर्णाली नदीमा बनेको पुल पर्यटकको आकर्षण केन्द्र बन्न सक्ने सम्भावना छ,' स्थानीय सुन्दरलाल थारुले भने, 'त्यसो हुँदा अन्य व्यावसायिक गतिविधि बढ्ने र स्थानीयको आम्दानीमा वृद्धि हुने अपेक्षा गर्न सकिन्छ ।'
यसैगरी, कर्णाली नदीमा दुई वटा पुल निर्माणसम्पन्न भएका छन् । टीकापुर नगरपालिका हुँदै बर्दियाको गेरुवा गाउँपालिका जोड्ने सन्कट्टीस्थित कर्णाली नदीमाथि पनि पक्की पुल निर्माणसम्पन्न भएर आवागमन सञ्चालन भइसकेको छ । रासस



**रोपाइँ महोत्सवमा हिलोमा रमाउँदै विदेशी पर्यटकः** *'पोखरा सबै मौसमका लागि' भन्ने नारासहित पोखरा पर्यटन परिषद्ले आइतबार पोखरा–३० स्थित देउराली खोलाको छेउमा आयोजना गरेको २१औँ संस्करणको असारे रोपाइँ महोत्सवमा हिलोमा खेलेर रमाउँदै विदेशी पर्यटक । तस्बिरः रासस*

# घर्तीभिरको चट्टान फुटाइयो



**खोटाङ ।**
दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका–४ खाल्ले र हलेसी तुवाचुङ नगरपालिका–११ राजापानीको सीमा नजिक पर्ने चर्चित घर्तीभिरको चट्टना फुटाएर सडक निर्माण गरिएको छ । जिल्लाको प्रमुख व्यापारिक केन्द्र दिक्तेल बजारबाट आहाले–रेग्मीटार हुँदै सगरमाथा राजमार्ग जोड्ने छोटो दूरीको सडकखण्डमा पर्ने घर्तीभिरको विशाल चट्टान फुटाएर सडक निर्माण गरिएको हो ।
कोशी प्रदेश सरकार, भौतिक पूर्वाधार विकास कार्यालय खोटाङमार्फत एक करोड सात लाख ७८ हजार रुपैयाँ लगानीमा सडक निर्माणको काम सम्पन्न गरिएको छ । मन्त्रालयबाट चालु आर्थिक वर्ष २०८२÷८३ का लागि विनियोजन भएको दुई करोड रुपैयाँ बजेटमा ठेक्का प्रक्रियाबाट कमला कन्स्ट्रक्सन एन्ड सप्लायर्स उदयपुरले एक करोड सात लाख रुपैयाँमा सम्झौता गरेर घर्तीभिरको चट्टान फुटाएको भौतिक पूर्वाधार कार्यालय खोटाङका लेखा अधिकृत सीताराम राउतले जानकारी दिए ।
ठेकेदार कम्पनीले करिब पाँच महिना लगाएर स्काभेटरमार्फत ब्रेकर लगाएर चट्टान फुटाएर घर्तीभिरमा सडक पार गराइएको खाल्लेका वडाध्यक्ष खगेन्द्र राईले जानकारी दिए । घर्तीभिरको सडक निर्माणका लागि ठेकेदार कम्पनीले २०८२ माघमा भौतिक पूर्वाधार विकास कार्यालयसँग ठेक्का सम्झौता गरेको थियो । दिक्तेल– आहाले–रेग्मीटार सडकखण्डको साप्सुखोला किनारमा रहेको घर्तीभिर फुटाएर सडक निर्माण गरेपछि शनिबार कोशी प्रदेश सरकारका निवर्तमान भौतिक पूर्वाधार विकास एवं स्वास्थ्यमन्त्री भूपेन्द्र राईले आहाले–रेग्मीटार–सगरमाथा राजमार्ग जोड्ने सडक उद्घाटन गरे ।
'महुरे–बुइपा–राजापानी–रेग्मीटार सडकखण्ड लामो छ । घर्तीभिर काटेर त्योभन्दा सिधा र छोटो सडक मार्ग खोलिएको हो' उनले भने, 'यो सडक यात्रु तथा यातायात व्यवसायी दुवैका लागि उपयोगी छ ।'
बिगतमा पनि घर्तीभिरलाई काटेर छोटो दूरीको सडक बनाउने योजना बनाए पनि पहरा काट्न कसैले आँट गरेका थिएनन् । कोशी प्रदेश सरकारअन्तर्गत खोटाङमा भौतिक पूर्वाधार कार्यालय स्थापना भएपछि आवश्यक बजेट विनियोजन गरेर घर्तीभिरको चट्टान फुटाएर सडक निर्माण गरिएको हो । गोरेटो बाटो सञ्चालनमा रहेको भिर काटेर सडक बनाइएपछि दिक्तेलबाट उदयपुरको गाईघाट हुँदै पूर्वी तराईका विभिन्न जिल्ला आवतजावात गर्ने छोटो दूरीको सडक मार्ग खुलेको छ । सुरुमा दिक्तेलबाट महुरे–बुइपा–राजापानी–रेग्मीटार–फोक्सिङटार हुँदै गाईघाट जानेआउने गरिएको थियो । त्यसको विकल्पमा दिक्तेलबाट आहाले–राजापानी हुँदै रेग्मीटार पुगेर गाईघाट आवतजावत गर्ने गरिएको छ ।
दिक्तेल–खानीडाँडा–आहाले–रेग्मीटार सडक दिक्तेल बजारबाट तराईका विभिन्न जिल्ला आवतजावत गर्ने सबैभन्दा छोटो दूरीको सडक भएकाले दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाले पहिलो प्राथमिकतामा राखेको छ । निर्माणाधीन सडकलाई जोड्नका लागि राजापानीस्थित घर्तीभिर बाधक बन्दै आएको थियो । सगरमाथा लोकमार्गको दिक्तेल–गाईघाट सडकखण्डको कहुरे–फोक्सिङटार सडक लामो भएपछि दिक्तेल–रेग्मीटार सडक निर्माण सुरु गरिएको दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाका नगरप्रमुख तीर्थराज भट्टराईले बताए ।
'दिक्तेल–महुरे–बुइपा–राजापानी–रेग्मीटार सडकभन्दा दिक्तेल–खानीडाँडा–आहाले–रेग्मीटार सडकखण्ड साढे १७ किलोमिटर छोटो छ । दिक्तेल बजारबाट तराई जोड्ने यो सबैभन्दा छोटो दूरीको सडक भएकाले भौतिक पूर्वाधार मन्त्रालयबाट बजेट विनियोजन गरिएको हो,' उनले भने, 'नगरपालिकाको डेढ करोड रुपैयाँ बढी बजेटमा दिक्तेलबाट घर्तीभिरसम्म र रेग्मीटारबाट घर्तीभिरसम्म दुवैपट्टिको कच्ची सडक निर्माण गरिसकेका थियौँ । बाधकका रुपमा रहेको घर्तीभिरको ठूला चट्टानसमेत फोडेर सडक बनेपछि नियमित यातायात सञ्चालन गर्ने योजनामा छौँ ।'
दिक्तेल–खानीडाँडा–रेग्मीटार सडकखण्डमा नियमित यातायात सञ्चालन भएमा पूर्वी तराईका विभिन्न जिल्ला यात्रा गर्न, जिल्लामा खाद्यान्न, हार्डवेयर, इन्धनलगायत दैनिक उपभोग्यवस्तु ढुवानीमा सहज हुने अपेक्षा गरिएको छ ।
घर्तीभिरमा रहेको चट्टान फुटाउन तथा यसअघि निर्माण गरिएका सडक स्तरोन्नति गर्नेगरी पूर्वाधार विकास कार्यालयले गत वर्ष ठेक्का लगाएको हो । प्रदेश सडक पुल सहयोग एकाइ इटहरी र भौतिक पूर्वाधार विकास मन्त्रालयबाट पूर्वाधार विकास कार्यालयमा प्राप्त तीन करोड रुपैयाँ बजेटमा सोही सडकखण्डको दिखुवाखोलामा मोटरेबल पुलसमेत निर्माणको काम भइरहेको छ ।
दिखुवाखोलामा निर्माण सुरु गरिएको ट्रस पुलका लागि आवश्यक करिब दुई करोड रुपैयाँ बढीको स्टिल ट्रस निर्माणस्थलमा ढुवानी गरिएको छ । कच्ची अवस्थामा सञ्चालन हुँदै आएको दिक्तेल–रेग्मीटार सडकखण्डको दिखुवाखोलामा मोटरेबल पुल नहुँदा वर्षात्को समयमा करिब छ महिना यातायात ठप्प हुँदै आएको छ । कालोपत्रको काम अलपत्र परेको दिक्तेल–महुरे (२० किलोमिटर) तथा महुरे–राजापानी– रेग्मीटार सडक (२९ किलोमिटर) गरी दिक्तेल–रेग्मीटार सडक (५९ किलोमिटर) लामो छ । प्रदेश सरकारको लगानीमा निर्माणाधीन दिक्तेल–खानीडाँडा– आहाले–रेग्मीटार सडक कालोपत्र हुँदै गरेको दिक्तेल– महुरे– राजापानी–रेग्मीटार सडकभन्दा साढे १७ किलोमिटर छोट्टिएको छ । रासस

# पहिचान खुल्ने डरले एचआइभी सङ्क्रमित टाढाको अस्पतालमा

**दुर्गा देवकोटा/रासस**
एचाइभी सङ्क्रमितलाई समाजमा अझै सम्मानजनक व्यवहार नभएकाले औषधोपचार गर्दा टाढाको अस्पतालमा गएर सेवा लिने गरेका छन् । सङ्क्रमित भनेपछि समाजले अझै हेलाको दृष्टिले हेर्ने भएकाले आफू बसेको भन्दा टाढा रहेका एआरटी सेन्टरमा गएर उपचार सेवा लिने गरेको उनीहरु बताउँछन् ।
लम्कीचुहाकी ७१ वर्षीया एक महिला सधैँ औषधिका लागि टीकापुर अस्पताल आउछिन् । लम्कीचुहा अस्पतालमा पनि एआरटी सेन्टर सञ्चालनमा छ तर त्यहाँ गए समाजमा पहिचान खुल्ने भएकाले टीकापुर आउने गरेको उनी बताउछिन् । 'श्रीमान् एचआइभीकै कारण बितुभयो, मलाई त केही भएको छैन भनेकी छु,' उनी भन्छिन्, 'थाहा पाएमा समाजले सरसापटी पनि गर्दैनन्, त्यसैले आफन्तको घर जाँदैछु भनेर टीकापुर अस्पतालमा आएर सेवा लिन्छु ।'
टीकापुर अस्पतालमा लम्कीचुहा नगरपालिकाका मात्रै १ सय ६२ एचआइभी सङ्क्रमित उपचारका लागि आउने गरेका छन् । टीकापुर अस्पतालमा सञ्चालनमा रहेको एआरटी सेन्टरबाट ५ सय ३१ एचआइभी सङ्क्रमितले सेवा लिइरहेका छन् । अस्पतालबाट एआरटी सेवा लिने एचआइभी सङ्क्रमितमा २ सय ७ पुरुष, ३ सय ४ महिला, ११ लैङ्गिक अल्पसङ्ख्यक र नौ जना बालबालिका छन् । अघिल्लो वर्षसम्म यो सङ्ख्या नौ सयसम्म थियो । बसाइँसराइ तथा अन्य पालिकामा पनि एआरटी सेन्टर खुलेपछि केही बिरामी अर्को पालिकाबाट औषधि सेवन गर्न थालेका छन् ।
सेन्टरमा कैलालीका नौ पालिका, बर्दिया र सुर्खेतका बिरामीले सेवा लिने गरेका छन् । यहाँबाट सेवा लिने टीकापुरका १ सय ३९ जना छन् भने अरु बिरामी अन्य पालिकाका हुन् । एचआइभी सङ्क्रमितलाई अझै समाजमा सम्मानजनक व्यवहार नभएकाले धेरैले लुकेर उपचार सेवा लिने गरेको अस्पतालमा कार्यरत एड्स हेल्थ केयर फाउन्डेसन नेपाल (एएचएफ) नेपालले जनाएको छ ।
टीकापुर अस्पतालमा सेवा लिन आउने एचआइभी सङ्क्रमित पहिचान खुल्ने डरले अन्य पालिकाका धेरै आउने गरेका छन् भने टीकापुरका केही बिरामी अन्य पालिका धनगढी, लम्कीचुहा गएर सेवा लिने गेका छन् । टीकापुरमा एड्स हेल्थ केयर फाउन्डेसन नेपालद्वारा सञ्चालित सेन्टरले सन् २०१२ देखि काम गरिरहेको छ । संस्थाले एचआइभी एड्स निदान, उपचार र हेरचाहमा सघाउँदै आएको एएचएफ नेपालका काउन्सिलर मीनबहादुर बोहरा बताउछन् ।
'चालु आर्थिक वर्षमा संस्थाले उपचारका लागि अन्यन्त्र जानुपर्दा समस्या भएका ८ सय ३५ जनालाई यातायात खर्च सघाएको छ,' उनी भन्छन्, '३ सय १६ जनालाई अस्पतालमा उपचार गर्न आउँदा पोषण सहयोगमार्फत खाना खुवाएको, स्वास्थ्य बिमामा नपाइने औषधि खरिद गर्नुपर्ने समस्या भएका २०१ जनालाई उपचार खरिदमा सघाएको, १२ बिरामीलाई आकस्मिक उपचारका लागि सघाएका छौँ ।'
यसका साथै एचआइभी सङ्क्रमित सबैलाई स्वास्थ्य बिमामा आबद्ध गराउन सहयोग गर्ने गरेको छ । संस्थाले बिरामीले नियमति औषध सेवन गरे÷नगरेको निगरानी गर्ने, भाइरल लोड नियमित परीक्षणमा सघाउने गरेको छ । पालिकाअनुसार तथ्याङ्क हेर्दा टीकापुरका १ सय ३९, जानकीमा ८१, लम्कीचुहामा १ सय ६२, बर्दगोरियामा ५२, जोशीपुरमा ३३, भजनीमा १८, घोडाघोडीमा १८, मोहन्यालमा ४४, धनगढीका एक, बर्दियाका नौ, सुर्खेतका एक एचआइभी सङ्क्रमितले यहाँबाट सेवा लिने गरेका बोहराले जानकारी दिए ।
एचआइभी सङ्क्रमितलाई पोषणको समस्या, नियमित आम्दानीमा समस्या भइरहेको छ । टीकापुर र लम्कीचुहालगायतका केही पालिकाले पोषण सहयोग गरेपछि केही राहत भएको बिरामी बताउछन् । मोहन्याल गाउँपालिकाकी ६८ वर्षीया अर्की महिला श्रीमान् बितेपछि घरमा कमाउने कोही नभएको, जग्गाजमिन पनि नभएकाले आफूलाई दैनिक गुजारा चलाउनै समस्या भएको बताउछिन् ।
'पेट भर्नकै लागि समस्या छ । एउटा छोरी थिइन् विवाह गरेर गइन्' उनी भन्छिन्, 'मलाई हेर्ने कोही छैन, सरकारले दिएको सामाजिक सुरक्षा भत्ताले पुग्दैन, पोषणका लागि पनि मासिक सहयोग पाएको भए हुने थियो ।'
इलाका प्रशासन कार्यालय टीकापुरका प्रमुख तारानाथ पनेरु एचआइभी सङ्क्रमितको उपचार र हकहितका लागि अस्पतालमा रहेको एआरटी सेन्टरले राम्रो काम गरिरहेको बताउछन् । 'अझै समुदायमा रोग निदानका लागि काम गर्नुपर्ने र उपचारमा ल्याउन स्थानीय पालिकाले सघाउनुपर्छ,' पनेरु भन्छन्, 'उनीहरूका समस्या समाधानका लागि स्थानीय सरकार, सङ्घसंस्था र सरोकारवाला सबैको समन्वय र सहयोग आवश्यक छ ।'

# ४९ हजार बढी पशुचौपायामा कृत्रिम गर्भाधान

**बाँके ।**
खजुरा गाउँपालिका–२ गौघाटस्थित राष्ट्रिय पशु प्रजनन कार्यालयबाट चालु आर्थिक वर्ष २०८२÷८३ को जेठ मसान्तसम्म ११ महिनामा ४९ हजार ५ सय ८७ पशुचौपायालाई कृत्रिम गर्भाधान गराइएको छ ।
कार्यालय प्रमुख वरिष्ठ पशु विकास अधिकृत डा. खिमानन्द खनालका अनुसार २८ हजार ५ सय ८८ गाई, २० हजार ५ सय २६ भैँसी तथा ४ सय ७३ बाख्रा गरी ४९ हजार ५ सय ८७ पशुलाई कृत्रिम गर्भाधान गराइएको हो । पछिल्लो समयमा पशु चौपायालाई कृत्रिम गर्भाधान गराउने किसानको सङ्ख्या दिनप्रतिदिन बढ्दै गएका छन् । घरगोठमै सहज तरिकाले पशु प्राविधिले कृत्रिम गर्भाधान गराइदिने र पशुमा नश्ल सुधारसमेत हुने भएकाले किसान यसतर्फ आकर्षित भएका छन् ।
'पशु चौपायामा कृत्रिम गर्भाधानले नश्ल सुधारसँगै दुध उत्पादनमा पनि वृद्धि हुने गरेकाले किसान यसतर्फ आकर्षित हुनुभएको छ, घरगोठमै गएर पशु प्राविधिकले आवश्यक सरसल्लाह दिने भएकाले यो प्रविधि किसानका लागि सहज छ,' राष्ट्रिय पशु प्रजनन कार्यालय प्रमुख डा. खनालले भने ।
पशु प्रजनन कार्यालयमा कृत्रिम गर्भाधानका लागि वीर्य (सिमेन) उत्पादन गर्न १२ मुर्रा राँगा, आठ साँढे, छ बोका र दुई बाख्री राखिएको छ । राष्ट्रिय पशु प्रजनन कार्यालयले कार्यालयमा रहेका विभिन्न जातका मुर्रा राँगा, साँढे तथा बोकाबाट वीर्य सङ्लन, उत्पादन तथा वितरण गर्दै आएको छ । राष्ट्रिय पशु प्रजनन कार्यालयले कार्यालयमा रहेका विभिन्न जातका मुर्रा राँगा, साँढे तथा बोकाबाट चालु आवको जेठसम्म ११ महिनामा एक लाख ८५ हजारभन्दा बढी डोज वीर्य उत्पादन गरेको छ ।
कार्यालयका सूचना अधिकारी पशु विकास अधिकृत डा. मिलनकुमार चौधरीले जर्सी साँढेबाट २८ हजार ३०९ डोज र होलिस्टिन बाट ४४ हजार ९ सय ५६ गरी तीन हजार २ सय ६५ डोज साँढेको वीर्य, नेपालगन्ज मुर्राबाट ८१ हजार १ सय ६० डोज, भारतीय मुर्राबाट २० हजार ५ सय ३४ डोज र गड्डीबाट चार हजार ५ सय ३७ गरी एक लाख छ हजार २ सय ३२ डोज राँगाको र पाँच हजार ५ सय ८० डोज वोयर बोकाबाट गरी जम्मा एक लाख ८५ हजार ७६ डोज जमेको वीर्य (सिमेन) उत्पादन भएको जानकारी दिए ।
उनका अनुसार चालु आवको जेठसम्म साँढे, राँगा र बोकाबाट उत्पादन गरिएका ६३ हजार २ सय ९७ डोज वीर्य वितरण गरिएको छ । जर्सीको २५ हजार ३ सय ६६ डोज, होलिस्टिनको नौ हजार ५ सय १७ डोज र साइवलको ९ सय १३ डोज गरी साँढेको जम्मा ३७ हजार ९ सय ३६ डोज वीर्य वितरण गरिएको छ । त्यसैगरी नेपालगन्ज मुर्राको २ सय ९५ डोज र भारतीय मुर्राको २३ हजार ८ सय ५२ डोज गरी २४ हजार १ सय ४७ डोज राँगाको वीर्य वितरण भएको छ । वोयर बोकाबाट एक हजार २ सय १४ डोज वीर्य वितरण गरिएको छ ।
कार्यालयले कृत्रिम गर्भाधान मात्र नभएर प्राकृतिक गर्भाधानसमेत गराउँदै आएको छ । प्राकृतिक गर्भाधानका लागि तीन राँगा, दुई साँढे, एक बोका, एक बाख्री र राखिएको छ । चालु आर्थिक वर्षको ११ महिनामा १ सय ५५ गाई, ३ सय ८४ भैँसी र १ सय ११ बाख्रा गरी ६ सय ५० पशुचौपायालाई प्राकृतिक गर्भाधान गराइएको पशु सेवा प्राविधिक देवनारायण जैशीले जानकारी दिए । विसं २०३६ मा भैँसी फाराम (बुल सेन्टर)का रूपमा स्थापना भएपश्चात् विभिन्न चरण हुँदै ४७औँ वर्ष प्रवेश गरेको छ । विसं २०६० मा चरन तथा घाँसेबाली बीउ वृद्धि फार्ममा रुपान्तरण भएको, २०४२ सालमा पशु प्रजनन कार्यालयका नाममा स्थापना भएको र देशमा सङ्घीयता कार्यान्वयनसँगै २०७५ सालमा राष्ट्रिय पशु प्रजनन कार्यालयको नामबाट सुदूरपश्चिम, कर्णाली र लुम्बिनी प्रदेशका बाँके, बर्दिया, दाङ, प्युठान, रोल्पा र पूर्वीरुकुम गरी २५ जिल्लामा सेवा प्रवाह भइरहेको पशु सेवा प्राविधिक जैशीले बताए । रासस

# सरसफाइकर्मीको आन्दोलन सकियो



**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंज महानगरपालिकाका सरसफाइ व्यवस्थापनको जिम्मा दिएको ठेकेदार कम्पनीका सरसफाइकर्मीहरूले तलब वृद्धि लगायतका विभिन्न माग राख्दै आइतबारदेखि सुरु गरेको आन्दोलन सहमतिमा टुंगिएको छ।

आइतबार बिहान आन्दोलनका क्रममा उनीहरूले वीरगंजको घण्टाघर चोक तथा महानगरपालिकाको मूल गेट अगाडि फोहोर थुपारेर विरोध प्रदर्शन गरेका थिए। घटनालाई गम्भीर रूपमा लिँदै वीरगंज महानगरपालिकाका कार्यवाहक नगरप्रमुख इम्तियाज आलमले सरसफाइ व्यवस्थापनको अवस्थाबारे विशेष निगरानी गरिरहेको बताए। उनले सरसफाइ ठेक्का लिएका ठेकेदार शिव गुप्तालाई आन्दोलनरत सरसफाइकर्मीहरूको जायज मागबारे तत्काल छलफल गरी यथाशीघ्र समाधानको पहल गर्न निर्देशन दिएका थिए। कार्यवाहक नगरप्रमुख आलमले नगरवासीले कुनै सास्ती व्यहोर्नु नपरोस् र सहरको नियमित सरसफाइ सेवा प्रभावित नहोस् भन्ने उद्देश्यले महानगरपालिकाले आवश्यक समन्वय र पहल गरिरहेको बताउँदै सहमतिका लागि प्रयास गरेका थिए। उनले सरोकारवाला पक्षबीच संवादमार्फत समस्या समाधान गर्ने प्रयास गरेपछि सहमति बनेको छ । सरसफाइ सेवामा अब कुनै अवरोध नआउने भएको छ।

महानगरपालिकाले सरसफाइकर्मी, ठेकेदार कम्पनी तथा सम्बन्धित पक्षबीच सहमति कायम गरी समाधान निकालेको हो । आन्दोलनरत सफाइकर्मीहरूले आफूहरूको दैनिक ज्याला कम्तीमा १ हजार रुपैयाँ कायम गरिनुपर्ने र महिनाको कुल ३० हजार रुपैयाँ पारिश्रमिक सुनिश्चित हुनुपर्ने मुख्य माग अघि सारेका थिए । बढ्दो महँगीका कारण हाल पाइरहेको सुबिधाले गुजारा चलाउन धौ–धौ परेको उनीहरूको गुनासो छ । सफाइ कर्मचारीहरूले महानगरको ढिलासुस्तीका कारण समयमा पारिश्रमिक नपाउने गरेको भन्दै हरेक महिनाको १० गतेभित्र अनिवार्य रूपमा तलब भुक्तानी हुनुपर्ने सर्त राखेका थिए । यसका साथै उनीहरूले श्रम ऐन अनुसार हप्तामा एक दिन अनिवार्य साप्ताहिक बिदा पाउनुपर्ने र सांस्कृतिक रूपमा ठुला पर्वहरू छठ र होलीमा विशेष बिदाको व्यवस्था हुनुपर्ने माग गरेका थिए।

मानवीय संवेदनामा आधारित सेवा सुबिधाको माग गर्दै उनीहरूले कुनै पनि सफाइकर्मीको घरमा परिवारका सदस्यको मृत्यु भएमा वा विवाह कार्य परेमा तत्काल १० हजार रुपैयाँ पेस्की (एडभान्स) पाउने व्यवस्था हुनुपर्ने बताएका थिए। कार्यक्षेत्रमा पहिचान र सुरक्षाका लागि महानगरले सबै सरसफाइ कर्मचारीहरूलाई पोसाक (ड्रेस) र आधिकारिक परिचयपत्र तत्काल उपलब्ध गराउनुपर्ने उनीहरूको माग छ । उनीहरूले सोझा कर्मचारीलाई त्रसित बनाएर रकम असुल्ने र जागिर खाइदिने धम्की दिने त्यस्ता भ्रष्ट नाइकेहरूलाई तत्काल पहिचान गरी कडा कानुनी कारबाही गर्न महानगर नेतृत्वसँग जोडदार माग गरेका छन्।

# एकैदिन २३ लाखको सामान बरामद



**मधेशदृष्टि**
**वीरगंज।**
सशस्त्र प्रहरी बल, नेपाल नं.१३ गण हेडक्वार्टर पर्साले एकदिन २३ लाख रुपैयाँ भन्दा बढीको अवैध सामान तथा ओसारपसारमा प्रयोग भएका सवारी साधन बरामद गरेको छ।

वीरगंज महानगरपालिका–१६ इनरुवा सीमा क्षेत्रमा सीमा सुरक्षा गुल्मको टोलीले भारतबाट अवैध रूपमा भन्सार छली गरी सिर्सिया नदी किनारको झाडीमा लुकाइछिपाइ राखिएको अवस्थामा ७ लाख ७२ हजार रुपैयाँ बराबरको विभिन्न प्रकारका कपडा बरामद गरेको हो।

यस्तै, इनरुवा र कोनिया नाकामा खटिएको टोलीले भारतबाट अवैध रूपमा भन्सार छली नेपालतर्फ ल्याउँदै गरेको तथा नेपालबाट भारततर्फ लैजाँदै गरेको ४ लाख ५३ हजार रुपैयाँ बराबरको किराना सामान, कस्मेटिक सामग्री, मदिरा, तरकारी र स्याउसहित ओसारपसारमा प्रयोग भएका १ थान ई–रिक्सा र १ थान साइकल बरामद गरी वीरगंज भन्सार कार्यालयमा बुझाएको छ।

यस्तै, वीरगंज महानगरपालिका–१६, १७ र २१ अन्तर्गत इनरुवा, कोनिया, परवानीपुर तथा अलौ क्षेत्रबाट सीमा सुरक्षा गुल्म वीरगंज र अलौबाट खटिएको टोलीले १० लाख ८४ हजार रुपैयाँ बराबरको कपडा, मोबाइल टेम्पर्ड ग्लास, किराना सामान, फलफूल लगायतका सामग्री तथा ओसारपसारमा प्रयोग भएका १ थान टेम्पो, १ थान मोटरसाइकल र ३ थान साइकल बरामद गरेको छ।

विभिन्न स्थानबाट बरामद भएका अवैध सामान तथा ओसारपसारमा प्रयोग भएका सवारी साधनको कुल अनुमानित मूल्य २३ लाख ९ हजार रुपैयाँ बराबरको रहेको सूचना अधिकारी सशस्त्र प्रहरी नायब उपरीक्षक मोहनराज निरौलाले जनाएका छन्।

# अत्यधिक गर्मीका बेला लाइन काटिँदा सर्वसाधारण मारमा

**मधेशदृष्टि**
**वीरगंज।**
अत्यधिक गर्मीका बीच नेपाल विद्युत् प्राधिकरण वीरगंज वितरण केन्द्रले रातिको समयमा पटक–पटक विद्युत् अवरुद्ध गर्न थालेपछि वीरगंजका बासिन्दा समस्यामा परेका छन् । गर्मी बढदै गए पछि केही दिन यता पूर्वसूचना बिना नै रातिको बेला, लामो समयसम्म विद्युत् अवरोध हुने गरेको स्थानीयको गुनासो छ । गर्मीको समयमा दिनभर थकित सर्वसाधरणलाई राति आराम गर्न अनिवार्य हो, तर आराम गर्ने समयमा नै वितरण केन्द्रले गैरजिम्मेवारपूर्ण तरिकाले लाइन अवरुद्ध गरिरहेको छ।

लामो समयसम्म बत्ती नआउँदा सर्वसाधारण, ज्येष्ठ नागरिक, बालबालिका तथा बिरामी बढी प्रभावित भएका छन् । विद्युतको कारण अधिकांश उपभोक्ता मानसिक र शारिरिक रुपमा समेत अस्वस्थ बनिरहेको उपभोक्ताको भनाइ छ । राति अनिदो हुँदा बालबालिकाको पढाइ र स्वास्थ्य दुवै बिग्रिरहेको छ। अन्ततः जनता सरकारप्रति आक्रोशित बन्न थालेका छन् । यता सत्तारुढ रास्वपाका स्थानीय नेता कार्यकर्ताहरूले भने सरकारलाई बदनाम गराउन प्रधिकरण संयन्त्रले बदनियतपूर्ण काम गरिरहेको आरोप लगाएका छन्। ओभरलोड भएर ट्रिप जानु स्वाभाविक भए पनि घण्टौँसम्म बेवास्ता गर्नु र मर्मतसम्भारमा तदारुकता दिन नसक्नु प्रधिकरणकै कमजोरी रहेको उनीहरूको भनाई छ । प्राधिकरणका अधिकारीहरूले भने आरोपको खण्डन गरेका छन्।

# आज २३औँ राष्ट्रिय धान दिवस मनाइँदै



**सामूहिक रोपाइँः** धादिङको सिद्धलेक गाउँपालिका–५ सुकौराबेँसीमा सामूहिक रूपमा धान रोपाइँ गर्दै कृषक। वाग्बच्छला देवी मन्दिरको गुठी जग्गामा किसानले सामूहिक रोपाइँ गरेका हुन्। तस्बिरः शङ्कर श्रेष्ठ

**ललितपुर।**
'जलवायुमैत्री प्रविधि, धानमा आत्मनिर्भरता र समृद्धि' भन्ने मूल नारासहित सरकारले यस वर्ष २३औँ राष्ट्रिय धान दिवस तथा रोपाइँ महोत्सव–२०८३ विविध कार्यक्रमका साथ मनाउने भएको छ। जलवायु परिवर्तनका चुनौतीबीच धान उत्पादन वृद्धि गर्दै खाद्य तथा पोषण सुरक्षालाई सुदृढ बनाउने उद्देश्यका साथ दिवस मनाउन लागिएको कृषि विभागले जनाएको छ।

कृषि विभागले विसं २०६१ देखि मनाउन थालिएको राष्ट्रिय धान दिवसको २३औँ संस्करण असार १५ गते सोमबार देशभर प्रदेश र स्थानीय तहमा विभिन्न जनचेतनामूलक कार्यक्रम आयोजना गर्दै धान दिवस मनाउन आग्रह गरेको छ।

कृषि विभागका महानिर्देशक तथा २३औँ राष्ट्रिय धान दिवस तथा रोपाइँ महोत्सव मूल समारोह समितिका अध्यक्ष समेत रहेका प्रकाशकुमार सन्जेलले धान दिवसले खाद्य तथा पोषण सुरक्षामा धानको महत्त्व तथा धान प्रवद्र्धनमा सरकारका प्रयासलाई आम नागरिकसम्म पु¥याउन सहयोग पुग्ने विश्वास व्यक्त गर्दै दिवसलाई सफल बनाउन सबै सरोकारवाला तथा सञ्चारमाध्यमलाई सक्रिय सहभागिताका लागि अनुरोध समेत गरेका छन्।

महानिर्देशक सन्जेलको असार १५ गते सोमबार नेपाल कृषि अनुसन्धान परिषद्अन्तर्गत राष्ट्रिय बाली विज्ञान अनुसन्धान केन्द्र, खुमलटारमा विशेष समारोहका साथ मनाइने कार्यक्रम रहेको छ । साथै समारोहमा धान उत्पादन, अनुसन्धान तथा प्रवद्र्धनमा योगदान पु¥याएका कृषक, वैज्ञानिक, उद्यमी र पत्रकारलाई सम्मान तथा पुरस्कृत गरिनेछ।

कृषि विभागका अनुसार नेपालमा ४१ लाख ३१ हजार कृषक घरधुरीमध्ये २७ लाख ६५ हजार घरधुरी धान खेतीमा संलग्न छन् भने कुल खेतीयोग्य जमिनको ५४ प्रतिशत क्षेत्रमा धान खेती हुने गरेको छ । कृषि क्षेत्रको कुल गाहस्थ्य उत्पादनमा धानको करिब १३ प्रतिशत तथा कुल खाद्यान्न उत्पादनमा ५० प्रतिशत योगदान रहेको उल्लेख गरिएको छ।

पछिल्ला पाँच वर्षमा धानको उत्पादकत्व प्रतिहेक्टर ३.८० मेट्रिकटनबाट बढेर ४.१९ मेट्रिकटन पुगेको छ । आर्थिक वर्ष २०८१÷८२ मा १४ लाख २० हजार ६ सय ३६ हेक्टर क्षेत्रफलमा खेती गरी ५९ लाख ५५ हजार ४ सय ७६ मेट्रिकटन धान उत्पादन भएको विभागले जनाएको छ । यद्यपि, देशलाई वार्षिक करिब ७० लाख मेट्रिकटन धान आवश्यक पर्ने भएकाले हाल पनि करिब १० लाख मेट्रिकटन धान अपुग रहेको उल्लेख गरेको छ।

जलवायु परिवर्तनका कारण हुने सुक्खा, बाढी तथा डुबानजस्ता प्राकृतिक विपद्ले धान उत्पादनमा चुनौती थपिरहेको जनाउँदै सरकारले जलवायु अनुकूल कृषि प्रविधिको अनुसन्धान, विकास र विस्तारलाई प्राथमिकता दिएको जनाएको छ । नेपाल कृषि अनुसन्धान परिषद्ले सुक्खा र डुबान दुवै सहन सक्ने धानका उन्नत जात विकास गरी किसानस्तरमा प्रवद्र्धन गरिरहेको पनि विभागले जानकारी दिएको छ।




# दुई किलो अफिमसहित तीनजना पक्राउ

**मधेशदृष्टि**
**बारा।**
बारा जिल्लासँग जोडिएको नेपालबाट भारततर्फ तस्करी गर्न लागिएको करिब २ किलो अफिमसहित दुई नेपाली र एक भारतीय नागरिकलाई सीमाक्षेत्रबाट पक्राउ गरिएको छ।

सशस्त्र सीमा बल एसएसबी ७१ बटालियनलाई प्राप्त गोप्य सूचनाका आधारमा शनिबार अपरान्ह कौरैया क्याम्प, ७१ बटालियन मोतिहारी र महुआवा प्रहरीको संयुक्त टोलीले भारतको बिहारस्थित पूर्वी चम्पारण जिल्लामा सीमा स्तम्भ नम्बर ३८१ नजिक विशेष अपरेसन सञ्चालन गरेको थियो। यो स्थान नेपाल–भारत सीमाबाट करिब १ सय ५० मिटर भारतीय भूभागभित्र पर्छ। अपरेसनका क्रममा नेपालबाट भारततर्फ अवैध रूपमा लैजाँदै गरिएको अवस्थामा प्याकिङसहित करिब २ किलो अफिम र एउटा हिरो होन्डा मोटरसाइकल बरामद गरिएको एसएसबीले जनाएको छ।

घटनास्थलबाट बारा जिल्लाको लंगडा चोकका ४० वर्षीय दिनेश राम र ४१ वर्षीय सोना लाल पासवान पक्राउ परेका छन् । एसएसबीका सहायक कमान्डेन्ट बिश्वजित तिवारीका अनुसार प्रारम्भिक अनुसन्धानका क्रममा तस्करीमा भारतको बिहार राज्य, पूर्वी चम्पारण जिल्ला, जितना थाना क्षेत्रको भवानीपुर गाउँ निवासी ४० वर्षीय लालबाबु सिंहको संलग्नता खुलेपछि उनलाई पनि पक्राउ गरिएको हो । बरामद अफिम, मोटरसाइकल तथा पक्राउ परेका तीनै जनालाई आवश्यक कानुनी प्रक्रिया अगाडि बढाउन महुआवा प्रहरीको जिम्मा लगाइएको एसएसबीका प्रवक्ता बिनित कुमार सिंहले जानकारी दिएका छन्।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन